बाइबल शिक्षण श्रेणी



ईसाइ जीवनमा परमेश्वरको आशिषबारे स्व अध्ययन सहयोगि पाठ्यपुस्तक

# म परमेश्वरको वचनद्वारा आशिषित छु

# म परमेश्वरको वचनद्वारा आशिषित छु

एउटा ख्रीष्टियान परमेश्वरको वचनको अध्यायनद्वारा कसरी
आशिषित छ भन्ने बारे स्व-अध्यायन पाठचपुस्तक

Multi-Language Productions
Bringing the Word to the World

यो पुस्तक आदरणीय Harold A. Essmann लाई समर्पित गरिएको छ, जो १९९६ मा बहु-भाषिक प्रकाशन कार्यक्रमका स्थापक थिए ।

यो पुस्तकको लेख बहु-भाषिक प्रकाशन बोर्डद्वारा विस्कन्सिन इभान्जेलिकल सिनेडको वर्ल्ड मिसनको लागि तयार गरिएको हो ।

मुद्रणाधिकार © २०१२

२०१३ मा प्रकाशित

रङ्गीन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । ग्लेन मार्यसका दृष्टान्तहरु नर्थ वेष्टन पब्लिसिङ हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अशंहरु नेपाली पवित्र बाइबल, न्यू इन्टरनेस्न्ल रिर्डस् भर्जनबाट लिइएको हो ।

प्रतिलिपि अधिकार © १९९७, २००९ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक :२४

# विषय सूची


प्रारम्भमा ....................................................................५

अध्याय १ परमेश्वरको वचन सत्य हो

र मेरो जीवनमा सहयोगि छ ..............................................३

अध्याय २ परमेश्वरको वचनले मलाई

म पापी हुँ भनि सम्झाउँछ ...............................................१५

अध्याय ३ परमेश्वरको वचनले मलाई

परमेश्वरको प्रेम देखाउँछ ................................................२९

अभ्याय ४ परमेश्वरको वचनले संसारमा

मेरो जीवनलाई आशिषित तुल्याउँछ.....................................४३

अध्याय ५ परमेश्वरको वचनले मलाई

दु:खमा पर्दा सहयोग र निर्देशन गर्छ.....................................६३

अध्याय ६ परमेश्वरको वचनले मलाई

स्वर्गमा अनन्त जीवन तिर डोर्‍याउँछ .................................७७

शब्दावली ........................................................................९३

अध्यायका जाँचहरुका उत्तरहरु ..........................................९६

अन्तिम जाँच.....................................................................९७

# प्रारम्भमा

यि पाठहरुको उदेश्य तपाई एउटा ख्रिष्टीयान, विश्वासीको रुपमा कसरी आशिषित हुनुहुन्छ भन्ने देखाउनु हो । तपाई परमेश्वरको वचनद्वारा धेरै प्रकारले आशिषित हुनुहुन्छ ।

यसका प्रत्येक ६ वटा अध्याय सानो ताराले सड़केत गरेका अध्यायका लक्ष्यहरुबाट सुरु हुन्छन् । यि लक्ष्यहरुले तपाईले त्यो अध्यायमा के सिक्नुहुनेछ भन्ने बताउँनेछन् । प्रत्येक खण्ड पछि केहि प्रश्नहरु हुनेछन् र प्रत्येक पाठको अन्त्यमा एउटा जाँच हुनेछ । यदि प्रत्येक खण्डहरु तपाईले होसियारसाथ पढ्नुभयो भने, कुनै ठूलो कठिनाई बिना नै तपाई उत्तर दिन सक्नुहुने छ ।


प्रत्येक प्रश्नहरुको समूहको अन्त्यमा र प्रत्येक अध्यायको अन्तिममा तपाईलाई पेज नम्बर दिईनेछ जहाँ तपाईले आफनो उत्तर जाँच्न हेर्नसक्नुहुनेछ । तपाईका गलत भएका उत्तरहरुलाई सच्याँउदै होसियार साथ जाँच्नुहोस् । अगाडि बढ्नु भन्दा पहिले सबै उत्तरहरु बुझ्नुभएको छ भनि निश्चत हुनुहोस् ।

प्रत्येक अध्यायको अन्त्यमा तपाईले पढ्नुपर्ने बाइबलका पदहरु दिइएका छन् । बाइबलका यि पदहरुमा अध्यायमा तपाईलाई जे सिकाईएको छ, त्यसको बारेमा अझ बढि घटना भेटाउनुहुनेछ । हामी तपाईलाई यो निश्चित भएको चाहाँन्छौँ कि बाइबलले जे सिकाउँछ, दुरुस्त त्यहि कुरा यसले सिकाइरहेछ ।

पुस्तकको अन्त्यमा अन्तिम जाँच छ । तपाईले यो जाँच पूरा गर्नु भन्दा पहिले अगाडिका अध्ययका जाँचहरु पुनःएकपटक पढ्नुहोस् । जब तपाई अन्तिम जाँच पुरा गरिसक्नुहुन्छ त्यो उत्तरपुस्तिका तपाईलाई पुस्तक दिने व्यक्तिलाई दिनसक्नुहुन्छ वा यो पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउँन सक्नुहुन्छ ।

तपाई अध्ययन गर्न वा पढ्न अरु पुस्तकहरु पनि माग गर्न सक्नुहुन्छ ।

परमेश्वरले उहाँको वचनको यो अध्ययनमा तपाईलाई आशिष दिऊन, जसले तपाईको जीवनमा धेरै आशिषहरु ल्याउँछ ।



मरियमले परमेश्वरको वचन सुन्छिन्–लुका १०:३८–४२



*अध्याय एक*

# परमेश्वरको वचन सत्य र मेरो जीवनमा सहयोगी छ

जब म जवान ठिटो थिए, प्रत्येक साँझ घर-घरमा पत्रिका पुऱ्याउँथे । जाडो महिनाको मध्ये समयतिर, जब बाहिर अध्यारो हुन्थ्यो, मानिसहरुले तिनीहरुको घरमा बत्ति बालेका हुन्थे, म मेरो घरको छेउमा भएका वृद्ध दम्पतिको घरमा पत्रिका पुऱ्याउँथे । मलाई सम्झना छ कि म तिनीहरुले साझँको खाना खाइसकेर टेबुल नजिक बसेको तिनीहरुको झयालबाट देख्नसक्थे । म यो मानिसले ठूलो खुल्ला बाइबल पढिरहेको देख्न सक्थेँ । श्रीमान र श्रीमति परमेश्वरको वचन बाइबलबाट पढिरहेको र सुनिरहेको त्यो दृश्यले ममाथि यति ठूलो प्रभाव पाऱ्यो कि ७० वर्ष वा त्यो भन्दा बढि पछि पनि म त्यो सम्झन सक्छु । मानिसहरु किन परमेश्वरको वचन पढ्छन् ? के आज परमेश्वरको

वचन पढ्नु खीष्टीयान जीवनमा त्यति महत्वपूर्ण छ ? यो अध्यायमा हामी सिक्नेछौं कि परमेश्वरको वचन सत्य छ र हाम्रो जीवनमा सहयोगि छ ।

* परमेश्वरको वचन परमेश्वरद्वारा प्रश्वास गरिएको हो र यो त्रुटिरहित छ ।
* परमेश्वरको वचन मेरा पापहरु र मेरो उद्धारकर्ता देखाउँन धेरै शक्तिशाली छ ।

परमेश्वरको वचन, बाइबल, महत्वपूर्ण छ ! बाइबलद्वारा परमेश्वर व्यक्तिगत रुपमा तपाई र मसँग बोल्नुहुन्छ । परमेश्वरले उहाँको वचन हामीकहाँ ल्याउँन धेरै महिलाहरु र पुरुषहरुलाई प्रयोग गर्नुभयो । म पुरानो नियममा भएका मोशाजस्तो व्यक्ति जसले प्रस्थान २० अध्यायमा दश आज्ञाको अभिलेख गरे वा यशैया, अगमवक्ता जो येशूको जन्म भन्दा सात सय वर्ष अगाडि थिए तिनको बारेमा तिनको बारेमा विचार गर्न सक्छु । यशैयाले येशूको दु:खको बारेमा यशैया ५३ अध्यायमा लेखे ।

अनि बाइबलमा स्त्रीहरुको बारेमा पनि पुस्तकहरु छन्, जस्तै रुथ जो येशूका पुर्खा मध्ये कि थिइन् र एस्तर, जसले आफ्ना मानिसहरुलाई नाश हुनबाट बचाइन् । राजा दाऊदले धेरै भजनहरु लेखे । तिनका छोरा, सोलोमनले हितोपदेशको पुस्तक लेखे । नयाँ नियममा परमेश्वर हामीसँग मत्ति, मर्कुश, लुका, यूहन्ना र प्रेरित पावल लगायतका मानिसहरु द्वारा बोल्नुभयो । तर यि

मानिसहरुलाई लेख्नको लागि विचार र प्रत्येक शब्द हालिदिनुहुने परमेश्वर नै हुनुहुन्थ्यो । पवित्र आत्मा परमेश्वरले तिनीहरुलाई सहायता गर्नुभयो । विचार गर्नुहोस्, प्रेरित पावलले के लेखे, “सर्वप्रथम तिमीहरुले यो बुझ्नुपर्दछ कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन । किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन्” (२ पत्रुस १:२०,२१) । प्रेरित पावलले यो पनि लेखे, “यस कारण यसको निम्ति हामी पनि परमेश्वरलाई निरन्तर धन्यवाद चढाउँछौं, जो वास्तवमा परमेश्वरको वचन हो, सो तिमीहरुले मानिसको वचनजस्तै होइन, तर परमेश्वरको वचनजस्तै ग्रहण गर्‍यौ, जुन वचनले तिमी विश्वासीहरुमा काम गर्दछ” । (१ थेस्लोनिकी २:१३) त्यसकारण बाइबलमा जो तपाई र मसँग बोल्नुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ । बाइबल परमेश्वरको वचन हो ।

१.बाइबल परमेश्वरको ..... ..........हो ।

२.बाइबलद्वारा परमेश्वर ..........र मसँग बोल्नुहुन्छ ।

३.यशैयाले ...............को दु:खको बारेमा लेखे ।

४.जसले यि मानिसहरुमा लेख्नको लागि प्रत्येक ..............र..............हालिदिनुभयो त्यो परमेश्वर हुनुहुन्छ ।

५.बाइबलमा जो तपाई र मसँग..........हुन्छ, उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ ।

(पेज नं ११ मा हेरी आफ्ना उत्तरहरु जाँच्नुहोस्)

परमेश्वरको वचनमा कुनै गल्तिहरु छैनन् । बाइबलमा मैले पढ्ने र सिक्ने सबै कुराहरु सत्य छन् । मोशा, परमेश्वरका महान भविष्यवक्ता लेख्छन्, "परमेश्वर ढाट्नुहुन्न, कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न..." (गन्ती २३:१९) । यि कुराहरु भन्दा पनि येशू, परमेश्वरको पुत्र, परमेश्वर पितालाई उहाँको प्रार्थनामा मलाई भन्नुहुन्छ "तपाईको वचन सत्य छ" (यूहन्ना १७:१७) ।

म जान्दछु परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ । परमेश्वरको वचन पनि धेरै शाक्तिशाली छ । प्रेरित पावलले मलाई यो सम्झाउँछन्, जब उनी लेख्छन् "किनकि सुसमाचारसँग म शर्माउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहुदिहरुका निम्ति र अन्य जातिहरुका निम्ति पनि " । (रोमी १:१६) यसको अर्थ बाइबल सबै मानिसहरुका लागि लेखिएको हो भन्ने हो । परमेश्वरको मार्गदर्शनमा पावलद्वारा लेखिएका यि वचनहरु मेरो लागि धेरै महत्वपूर्ण छन् । यिनीहरुले सर्वप्रथम मलाई "असल समाचार " वा मेरो उद्धारकर्ताको बारेमा समाचार वा "सुसमाचार" परमेश्वरको शक्ति हो भन्दछन् । सुसमाचारको केन्द्रिय शिक्षा परमेश्वरले उहाँको पुत्र, येशू ख्रीष्टलाई हाम्रो उद्धारकर्ता हुन पठाउँनुभयो भन्ने हो । येशू परमेश्वरको पुत्र यो संसारमा पवित्र

आत्माद्वाराकन्या मरियमले गर्भधारण गरिएपछि आउनुभयो । उहाँ साँचो मानव र साँचो ईश्वर दुबै हुनुहुन्छ । ईश्वर मानिसको रुपमा, उहाँ परमेश्परको व्यवस्था मुनि रहनुभयो र मैले सिद्ध रुपमा पालन गर्न नसक्ने भएको कारण मेरो लागि सिद्ध रुपमा पालन गरिदिनुभयो । परमेश्वर मलाई उहाँको व्यवस्था सिद्ध रुपमा पालन गर्ने आज्ञा दिनुहुन्छ, जब उहाँ भन्नुहुन्छ, “यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ” (मत्ति ५:४८)

तर म पापमा नै जन्मिए र म प्रत्येक दिन पाप गर्छु । म परमेश्वरको व्यवस्था सिद्ध रुपमा पालन गर्न सक्दैन । येशूले पापरहित परमेश्वरको पुत्रको रुपमा मेरो लागि व्यवस्था पालन गर्नुभयो । परमेश्वर र मानव दुबैको रुपमा मेरा पापहरुको दण्ड भोग्न येशू यस संसारमा जन्मिनु भयो । म मृत्युको योग्य छु । बाइबलले मलाई भन्छ, “किनकि पापको ज्याला मृत्यु हो......”(रोमी ६:२३) । त्यो भुक्तानी पृथ्वीमा मेरो जीवनको मृत्यु मात्र होइन तर नर्कमा अनन्तको मृत्यु र प्रेमिलो परमेश्वरबाट अनन्तको लागि छुट्टिनु पनि हो । तर प्रेरित पावलले मकहाँ सुसमाचार पनि ल्याउँछन् जब उनी रोमी ६:२३ मा लेख्छन्, तर परमेश्वरको सित्तैको वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ” ।

६.बाइबल ............मानिसहरुका लागि लेखिएको हो ।

७.म परमेश्वरको व्यवस्था ........रुपमा पालन गर्न सक्दैन ।

८.म............मा जन्मिए र प्रत्येक दिन ............गर्दछु ।

९.येशूले पापरहित परमेश्वरको पुत्रको रुपमा, मेरो लागि परमेश्वरको ............पालन गर्नुभयो ।

१०.हामी पाप गर्ने भएको कारण, हामीले पाउँनु पर्ने ज्याला ............हो ।

११.परमेश्वर हामीलाई ............जीवनको वरदान हाम्रा प्रभु येशू खीष्टले जे गर्नुभयो त्यसको कारण दिनुहुन्छ ।

(तपाईका उत्तरहरु पेज नं ११ मा हेरि जाँच्नुहोस्)

हाम्रा प्रभु, खीष्ट येशूले मेरो लागि के गर्नुभयो ? उहाँले मेरो लागि परमेश्वरको व्यवस्था पूर्णरुपमा पालन मात्र गर्नुभएन, तर येशू जब क्रुसमा मर्नुभयो र मृत्युबाट बौरिउठ्नुभयो, मेरा पापहरुको लागि दण्डित हुनुभयो । परमेश्वरले बाइबलमा मलाई भन्नुहुन्छ, “उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो”(रोमी ४:२५) । येशू मलाई पापबाट, मृत्युबाट र नर्कबाट बचाउने उद्धारकर्ता हुनुहुन्छ ।

१२.येशूले मेरो लागि परमेश्वरको व्यवस्था ...........रुपमा पालन गर्नुभयो ।

१३.येशू मेरो ...........को लागि दण्डित पनि हुनुभयो जब उहाँ मेरो लागि ...........मा मर्नुभयो ।

१४.येशू मेरो ............हुनुहुन्छ ।

(तपाईका उत्तहरु पेज नं ११मा हेरी जाँच्नुहोस् )

परमेश्वरको वचनबाटको यो सन्देशले मेरो हृदयलाई आनन्दले भर्छ । परमेश्वर मेरो प्रेमिलो रचनाकार हुनुहुन्छ र येशू मेरो प्रेमिलो उद्धारक हुनुहुन्छ । अब म येशूले मेरो लागि जे गर्नुभयो त्यसद्वारा परमेश्वरले मलाई कसरी बचाउँनुहुन्छ भनि म सिक्न चहान्छु । मैले यसलाई गर्न सक्ने धेरै तरिकाहरु छन् ।

- म येशूद्धाराको मेरो लागि परमेश्वरको प्रेमको बारेमा बाइबलमा पढ्न सक्छु ।
- म येशूको बारेमा परमेश्वरको सन्देश बुझ्नको लागि अरुसगैं बाइबल पढ्न सक्छु ।
- म येशूलाई मेरो चर्चमा आराधना गर्न सक्छु ।
- म येशूलाई प्रशंसाका भजनहरु गाउँन सक्छु ।
- म येशूलाई आदर दिन खीष्टिय जीवन जीवन सक्छु ।

याह्वे मेरो गोठालो, मलाई केहि घटि हुँदैन

उनले हरियो खर्कमा मलाई चराउनेछन्

सुख-चैनको पानीनिर सदैव डोर्‍याउने छन्

मेरो यो तुच्छ प्रणलाई नयाँ तुल्याउनेछन्

## अध्याय एकको पुनरावलोकन

त्यो परमेश्वर नै हुनुहुन्छ जसले उहाँले चुनेको व्यक्तिलाई उहाँको वचन-बाइबल लेख्न विचार र प्रत्येक शब्द हालिदिनुभयो । यि मध्येका केहि मानिसहरु पुरानो नियमका अगमवक्तहरु थिए । अरु जसले परमेश्वरको वचन लेखे तिनीहरु सुसमाचारका लेखकहरु र नयाँ नियमका प्रेरितहरु थिए ।

बाइबलमा मैले पढ्ने प्रत्येक शब्द परमेश्वरको वचन हो र यो त्रुटिरहित छ । बाइबलका मुख्य शिक्षाहरु परमेश्वरको व्यवस्था र असल समाचार जसलाई सुसमाचार पनि भनिन्छ हुन् । हाम्रो जीवनमा परमेश्वरको वचन धेरै शक्तिशाली छ । यसले मलाई म पापैमा जन्मे र प्रत्येक दिन पाप गर्छु भनि देखाउँछ । मेरा पापको कारण म मृत्युको योग्य छु, पृथ्वीको मेरो जीवनको अन्त्य मात्र होइन, तर नर्कमा अनन्तसम्म पनि हो । तर प्रेममा परमेश्वरले मलाई मेरो उद्धारक, येशू खीष्टलाई देखाउनु हुन्छ । दुबै साँचो मानव र परमेश्वरको रुपमा, येशूले परमेश्वरको व्यवस्थालाई सिद्धरुपमा मेरो लागि पालन गरिदिनुभयो । येशू जब क्रुसमा मर्नुभयो उहाँ सबैका पापहरुको लागि पनि दण्डित हुनुभयो । परमेश्वर येशूको काममा सन्तुष्ट हुनुहुन्थ्यो र उहाँलाई मृत्युबाट बौरिउठाउँनुभयो ।

यो परमेश्वरको व्यवस्था र सुसमाचारको सन्देशले मेरो हदयलाई आनन्दले भर्छ, र म परमेश्वरको वचन पढ्न चाहन्छु र येशूले जे गर्नुभएको छ त्यसको लागि येशूलाई आराधना गर्न चाहन्छु । म परमेश्वरलाई मैले गाउने आत्मिक भजनद्वारा र मैले जीउने ख्रीष्टियान जीवनद्वारा प्रशंसा गर्छु ।

अध्याय: **एकमा** भएका **प्रश्नहरुका** उत्तरहरु
१.परमेश्वरको वचन २.तपाई ३.येशू ४.वचन, विचार ५बोल्नुहुन्छ ६.सबै ७.सिद्धरुपले ८.पाप,पापहरु ९.व्यवस्था १०.मृत्यु ११.अनन्त जीवन १२. सिद्धरुपमा १३. पाप, क्रुस १४. उद्धारक

## अध्याय एकको जाँच

१. बाइबल परमेश्वरको ........................ हो ।

२. त्यो परमेश्वर आफै हुनुहुन्छ जो तपाई र मसँग बाइबलमा .......... ।

३.बाइबल.......... मानिसहरुको लागि लेखिएको हो ।

४.म परमेश्वरको व्यवस्था....... रुपमा पालन गर्न सक्दिँन ।

५.येशूले पापरहित परमेश्वरको रुपमा,मेरो लागि परमेश्वरको .............सिद्धरुपमा पालन गरिदिनुभयो ।

६.येशू मेरा.........को लागि दण्डित हुनुभयो जब उहाँ मेरो लागि .........मा मर्नुभयो ।

७.येशू मेरो .............हुनुहुन्छ ।

८. तपाले येशूको बारेमा अरु धेरै सिक्ने केहि तरिकाहरु लेख्नुहोस् ।

(प्रश्नका उत्तरहरु ९६ मा हेरि जाँच्नुहोस )



बाइबलका मानिसहरुले तिनीहरुको उद्धारकर्ताको बारेमा धेरै कसरी सिके पढ्नुहोस् ।

---

**लुका १०:३८-४२** येशूले मरियमलाई सिकाउनुहुन्छ ।

**प्रेरित १७:१०-१२** बेरियाको शहरमा भएका मानिसहरुले येशूको बारेमा अध्ययन गरे ।



प्रस्थान ३२:१५-१९ मोशा र दश आज्ञाहरु



*अध्याय दुई*

# परमेश्वरको वचनले मलाई म पापी हुँ भनेर सम्झाउँछ ।

जब म अहिले भन्दा अलि जवान थिए, म मिसन सोसाइटिमा काम गर्थे । मेरा कर्तव्यहरु मध्येको एउटा मैले बस्ने शहरको झ्यालखानामा भेट्नु थियो । म हप्ताको एकदिन झ्यालखानामा जान्थे र केहि कैदिहरुसित भेट्थे । झ्यालखानामा कैदि कोठामा म जादा सुरक्षाकर्मिले यसको फलामे ढोका बन्द गर्थ्यो, जहाँ म आफैलाई कैदिहरुको बीचमा पाउँथे, त्यो नमिठो सम्झनालाई म अझै सम्झन्छु । त्यहाँ भेट्न जाने जुनसुकै व्यक्तिले पनि सोध्ने प्रश्न *किन* भन्ने हो ? यि मानिसहरु किन झ्यालखानामा छन् ? उत्तर धेरै सरल छ । तिनीहरु झ्यालखानामा छन् किनभने तिनीहरुले व्यावस्थालाई तोडे । केहि कैदिहरुले चोरी गरे ।

केहिले चोट पुऱ्याए वा अरुलाई मारे पनि । त्यसै गरि म पनि कैदि हुँ । मैले पनि व्यवस्थालाई तोड्छु । मैले परमेश्वरको व्यवस्थालाई तोड्छु । परिणाम स्वरुप म मेरा आफ्नै खराब स्वाभावहरुको कैदि बने र शैतानको कैदि पनि बने । अन्तमा, मैले नपढेको भए, अन्यथा म नर्कको झ्यालखानामा सदाको लागि राखिने थिए । यो पाठमा सिक्नेछौं;

* परमेश्वरको वचनले म पापी हुँ भनि सम्झाउँछ, र
* पापले मेरो जीवनमा कसरी प्रभाव पार्छ ।

पाप किन हाम्रो जीवनको यति धेरै ठूलो भाग हो ? पाप कहाँ बाट आयो ? परमेश्वर यि प्रश्नहरुको जवाफ उहाँको वचन बाइबलमा दिनुहुन्छ । हामी बाइबलको सुरुवात र यहाँ पृथ्वीमा जीवनको सुरुवातमा जान्छौँ । आदिमा परमेश्वरले स्वर्ग, पृथ्वी र तिनमा भएका सबै थोक बनाउँनुभयो । परमेश्वरले बनाउनुभएका कुराहरु मध्येको उत्तम कुरा आदम नाम गरेको मानिस र तिनकी पत्नी हव्वा थिइन । परमेश्वरले तिनीहरुलाई अदनको सुन्दर बगैंचामा राख्नुभयो । त्यो बगैंचामा दुईवटा रुखहरु थिए । एउटा जीवनमको रुख । त्यो रुखले त्यसको फल खाने सबैलाई अनन्त जीवन दिन्थ्यो । अर्को रुख असल र खराब को ज्ञान दिने रुख थियो । परमेश्वरले आदम र हव्वालाई यस रुखको फल नखानु भनि आज्ञा गर्नुभएको थियो । परमेश्वरले तिनीहरुले यदि त्यस खराब र असलको ज्ञान दिने रुखको फल खाए भने तिनीहरु अवश्य मर्नेछन् भनि

सम्झाउनुभयो । यो परमेश्वरको आज्ञा हो । यदि आदम र हव्वाले परमेश्वरको आज्ञालाई पालन गरेनन भने यहि हुने थियो ।

१.परमेश्वरले बनाउनुभएका मध्येको उत्तम कुरा ...............नाम गरिएको मानिस र ............. नाम गरेकी तिनकी पत्नी थिइन् ।

२. परमेश्वरले आदम र हव्वालाई ..........र............को ज्ञान दिने रुखको फल नखानु भन्नुभएको थियो ।

३.यदि आदम र हव्वाले असल र खराबको ज्ञान दिने रुखको फल खाए भने तिनीहरु निश्चय नै ............छन् ।

(यि प्रश्नका उत्तरहरु २५ पेजमा हेर्नुहोस् )

त्यसपछि शैतान वा दियावलस सृष्टिमा प्रवेश गऱ्यो । शैतान दुष्ट स्वर्गदुत हो । जतिबेला परमेश्वरले हाम्रो संसार बनाउनुभयो उहाँले धेरै स्वर्गदुत पनि बनाउँनुभयो । स्वर्गदुतहरु अदृश्य प्राणीहरु हुन जो परमेश्वरको आराधना र सेवा गर्छन् । तर केहि स्वर्गदुतहरु शैतानद्वारा चलाइए, परमेश्वरको विरुद्धमा विद्रोह गरे, र तिनीहरुलाई परमेश्वरले स्वर्गबाट बाहिर फलिदिनुभयो । यि दुष्ट स्वर्गदुतहरुको अगुवा शैतान हो जसलाई हामी दियाबलस पनि भन्छौं । यो दियाबलस नै हो जो हव्वाकहाँ अदनको बगैंचामा आउँछ । त्यसले हव्वाको मस्तिष्क र हृदयमा शंका रोपिदियो । त्यसले तिनलाई सोध्यो; "के परमेश्वरले असल र खराबको ज्ञान दिने रुखको फल खायौं भने तिमीहरु मर्नेछौं भनि साँच्चै भन्नुभएको हो" ?

दियाबलसले हव्वालाई उसले त्यस रुखको फल खाइन् भने परमेश्वर जस्तै बुद्धिमान हुनेछिन् भनेर झुक्यायो । हव्वाले फल हेरिन र त्यो खानमा असल देखिन् । तिनले फलको केहि भाग खाइन र केहि आदमलाई दिईन । यहि नै भएको थियो । आदम र हव्वाले परमेश्वरको आज्ञा पालन गर्न सकेनन । तिनीहरुले त्यो रुखबाट फल खाए जुन परमेश्वरले नखानु भन्नुभएको थियो । तिनीहरुले पाप गरे । (उत्पत्ति ३ अध्याय पढ्नुहोस् )

४. दुष्ट स्वर्गदुतहरुको अगुवालाई ........... भनिन्छ , जसलाई ...............पनि भनिन्छ ।

५. दियाबलसले हव्वाको हृदय र दिमागमा ............. हालिदियो ।

६.आदम र हव्वाले परमेश्वरको आज्ञा पालन ............... ।

(यि प्रश्नका उत्तरहरु २५ पेजमा हेर्नुहोस् )

आदम र हव्वाको पापीपन संसारका सबै मानिसहरुमा सरेको छ । मैले यो मेरा अभिभावकहरुबाट उहाँको भौतिक सम्पति जसरी सार्नेछु त्यसरी नै सारे । बाइबलले मलाई सम्झाउँछ, “साँच्चै म जन्मँदा नै पापी थिए , मेरी आमाले मलाई गर्भधारण गरे देखि नै म पापी थिएँ” (भजनसंग्रह ५१:५) । यस पापलाई पैतृक पाप वा मौलिक पाप भनिन्छ । मैले यो मेरा पापपूर्ण अभिभावकहरुबाट ग्रहण गरे र मैले यो मेरा छोराछोरीहरुमा सारे । जब परमेश्वर मलाई हेर्नुहुन्छ, उहाँले यो पैतृक पापलाई मात्र देख्नुहुन्न, तर मैले प्रत्येक दिन गर्ने सबै पापलाई देख्नुहुन्छ । परमेश्वरले मलाई

मेरो दैनिक जीवनमा धेरै आज्ञाहरु दिनुहुन्छ । उदाहरणको लागि प्रस्थान २० अध्यायमा उहाँले मलाई दश आज्ञा दिनुहुन्छ । यि आज्ञाहरुले मलाई सम्भ्काउँछन् कि यदि मैले कसैबाट केहि चोरे भने, म पाप गर्छु । जब म मेरा साथीहरु र छिमेकीहरुको मन दुखाउँछु वा घृणा गर्छु, म पाप गर्छु । जब म अरु मानिसहरुको बारेमा खराब कुराहरु बोल्छु, म पाप गर्छु । जब म मेरा अभिभावकहरुको आज्ञा पालन गर्दिन, म पाप गर्छु । र म मानिसहरुले प्रत्येक दिन कसरी परमेश्वरको विरुद्धमा पाप गर्छन् भनि देखाउन बढी उदाहरणहरुमा जान सक्छु ।

परमेश्वरको आज्ञाहरु को पहिलो आज्ञा अन्य सबै आज्ञाहरुको मुटु हो । जब पनि म कुनै तरिकामा परमेश्वरको आज्ञा पालन गर्दिनँ, म प्रथम आज्ञाको विरुद्धमा पाप गरिरहेको हुन्छु । पहिलो आज्ञामा मैले सिकें; "तिमीले अरु कुनै देविदेवता नमान्नु । यसको अर्थ के हो ? हामीले सबैथोक भन्दा माथि परमेश्वरको भय मन्नुपर्छ, प्रेम गर्नुपर्छ र भरोसा गर्नुपर्छ" । यसको अर्थ मैले परमेश्वर सँग डराउनुपर्छ भन्ने होइन । यसको अर्थ मैले उहाँलाई आदर र इज्जत गर्नुपर्छ भन्ने हो । मैले परमेश्वरलाई प्रेम गर्नुपर्छ । मैले परमेश्वरलाई यसकारण मात्र प्रेम गर्न सक्छु कि पहिले उहाँले मलाई प्रेम गर्नुभयो । म परमेश्वरमा भरोसा राख्न सक्छु कारण उहाँ ढाट्नुहुन्न र उहाँले गर्नुभएका सबै प्रतिज्ञाहरु पुरा गर्नुभएको छ । अर्को शब्दमा, मैले मेरो जीवनमा गर्ने र भन्ने प्रत्येक कुराहरुमा परमेश्वरलाई

सबैभन्दा बढी महत्वपूर्ण बनाउनुपर्छ । उहाँ सत्य परमेश्वर, पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ ।

७. आदम र हव्वाको पापमय स्वाभाव संसारका ......... व्यक्तिमा सरेको छ ।

८. यो पापलाई ............वा ............... पाप भनिन्छ ।

९. यो पाप हामी हाम्रा ............. मा साछौं ।

(यि प्रश्नका उत्तरहरु पेज २५ मा हेर्नुहोस् )

बाइबलले मलाई मेरो पैतृक पापले र मैले मेरो जीवनमा प्रत्येक दिन गर्ने पापहरुले मेरो जीवनमा कसरी प्रभाव पार्छ भनि भन्दछ । परमेश्वर मलाई पापको निम्ति मैले पाउँने ज्याला मृत्यु हो भन्नुहुन्छ । यो मृत्यु मेरो शरिर चिहानमा राखिदाको जीवनको अन्त्य मात्र होइन । यो नर्कमा अनन्तको मृत्यु हो । मेरा पापहरुको कारण मैले पाउन योग्य कुरा यहि हो । तर मेरो मृत्यु भन्दा अगाडि म पापी हुँ भनि सम्झाउँन धेरै कुराहरु हुन्छन् । जब म कडा मेहेनत गर्छु, मेरा कम्मर, खुट्टाहरु र हातहरु दुख्छन् । जब म असल खाना खाँदिन वा जब म गलत खाना खान्छु म बिरामी हुन्छ र सायद मैले डाक्टर कहाँ जानुपर्छ वा औषधी पनि प्रयोग गर्नुपर्छ ।

जब मेरो शरिरमा बिरामी हुन्छ, मेरो आत्मामा पनि बिरामी हुन्छ । मेरो जीवन दुःखदायि बनाउँने धेरै मानिसहरु छन् । सायद म येशूमा विश्वास गर्ने भएको कारण तिनीहरु ममाथि हाँस्छन् होला । तिनीहरु मेरो विश्वास येशूमा

भएको कारण मसँग बोल्दैनन वा मलाई दुःख पनि दिन्छन् होला । र त्यहाँ मलाई तल झार्ने प्रयास गर्ने धेरै परिक्षाहरु छन् । मेरो पापमय शरिर, यस संसारका मानिसहरु, र शैतानले मेरो परिक्षा गर्छन् । तिनीहरुले मलाई परमेश्वरले भन्नु हुने कुराहरुमा शैतानले हव्वालाई परिक्षा गरेझै शंका उत्पन्न गराउँछन् । तिनीहरुले मलाई मैले असल नठानेका कुराहरु कति असल छन् भनि हेर्न परिक्षा गर्छन् होला । जाड रक्सी र लागु औषधहरु जुन मानिसहरुले प्रयोग गर्छन ती मलाई असलझै लाग्छन् । तर जब म तिनीहरु प्रयोग गर्छु, त्यसले मेरो शरिरलाई हानि गर्छ । म मेरी श्रीमतीसँग रिसाउँछु र पाप गर्छु । यि सबै कुराहरु मेरो पापमय स्वभाव र मैले मेरो जीवनमा गर्ने पापहरुको परिणामहरु हुन ।

१०. पापको कारण मैले तिर्नु पर्ने ज्याला .............. हो ।

११. यो मृत्यु मेरो जीवनको अन्तमा हुने मृत्यु मात्र होइन । यो .........मा ...........को मृत्यु हो ।

१२.जब म शारिरीक रुपमा बिरामी हुन्छु, म मेरो ........... मा पनि बिरामी हुन्छु ।

१३. यहाँ मेरो जीवनमा आउने ............ धेरै छन् ।

१४.मेरो पापमय .........,यस संसारका ..........र ............ मलाई परिक्षा गर्छन ।

(यि प्रश्नका उत्तरहरु पेज २५ मा हेरेर जाँच्नुहोस्)

मैले परमेश्वरको व्यवस्था भङ्ग गरे र मृत्युको योग्य छु । तर येशूमा विश्वासीको रुपमा म आषिशीत छु । येशूले मलाई मृत्यु देखि बचाउनको लागि र परमेश्वरलाई मेरो उद्धारको लागि कसरी धन्यवाद दिने भनि देखाउँन परमेश्वरको व्यवस्था सिद्धरुपमा पालन गर्नुभयो । हिब्रुका लेखकले हिब्रु ४:१५ मा मलाई भन्छन् "हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थो"। जब येशू येरुशलेम शहर नजिकैको उजाड स्थानमा चालिस दिनसम्म भोकै बस्नुभयो येशू दियाबलसद्वारा परीक्षित हुनुभयो । दियाबलसले येशूको दिमाग र मनमा यसो भन्दै शंका हाल्ने कोसिस गर्‍यो,"यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने यि ढुङ्गाहरुलाई रोटी हुने आज्ञा दिनुहोस्"। येशू त्यो परीक्षाबाट परमेश्वरको वचनको प्रयोग गरेर विजयी हुनुभयो । त्यसपछि शैतानले येशूलाई येरुशलेम शहरको मन्दिरको अग्लो भागमा लग्यो । उसले येशूलाई त्यहाँबाट हामफालेको चाहन्थ्यो । यस पटक शैतानले येशूलाई छल गर्नको लागि धर्मशास्त्रको प्रयोग गर्‍यो, तर उसले धर्मशास्त्रलाई ठिक प्रकारले उल्लेख गरेन । येशूले, उहाँले परमेश्वरको परीक्षा गर्नुहुदैन भन्ने उत्तर शैतानलाई  दिएर एकपटक फेरि धर्मशास्त्रको प्रयोग गर्नुभयो । अन्तमा, शैतानले येशूलाई एउटा अग्लो पहाडमा लग्यो । येशूलाई उसले देखेका सबै थोकहरु म दिनेछु भनि आफूलाई ढोग्न र आराधना गर्न भन्यो । तर फेरि एकपटक येशूले धर्मशस्त्रको प्रयोग गर्नुभयो र भन्नुभयो,"तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू " । (मत्ति ४:१० )

१५. येशूले परमेश्वरको व्यवस्था ..................रुपमा पालन गर्नुभयो ।

१६. हिब्रुको लेखकले हामीलाई भन्दछन् कि," हामी जस्तै येशू सबै कुरामा परीक्षित हुनुभयो"। तर उहाँले पाप ............. भएन ।

१७.येशू शैतानद्वारा तीन पटक परीक्षित हुनुभयो । येशू यि परीक्षाहरुमा परमेश्वरको ...........को प्रयोग गरेर विजयी हुनुभयो ।

(यि प्रश्नका उत्तरहरु पेज २५ मा हेरेर जाँच्नुहोस् )

मेरो जीवनमा भएका पापहरु माथि विजय हुने उत्तर येशू हुनुहुन्छ । जब उहाँ शैतानद्वारा परीक्षित हुनुभयो उहाँले परमेश्वरको वचन प्रयोग गर्नुभयो । म पनि परमेश्वरको वचन प्रयोग गर्न सक्छु । मेरो जीवनमा शैतान माथि विजयी हुन परमेश्वरको वचनद्वारा मलाई डोऱ्याउन म येशूलाई प्रार्थना गर्न सक्छु । हामी यसको बारेमा अझ बढी अध्याय ४ मा जब हामी ईशाइ जीवनको जिवाईको बारेमा कुरा गर्नेछौं त्यस बेला सिक्नेछौं ।

- बाइबलले मलाई म जन्मदा देखि नै पापी थिए भनि भन्दछ ।
- बाइबलले मलाई मेरा पापको कारण मैले तिर्नुपर्ने ज्याला मृत्यु हो भन्दछ ।
- बाइबलले मलाई येशू पापरहित हुनुहुन्छ भनि भन्छ कारण उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ ।

- बाइबलले मलाई येशू परमेश्वरको वचन प्रयोग गरेर शैतानका परीक्षाहरु माथि विजयी हुनुभयो भनि भन्दछ ।
- अब म मेरो जीवनमा भएका पापहरु र परीक्षाहरुमा विजयी हुन परमेश्वरको वचन प्रयोग गर्न सक्छु ।
- मेरा पापहरुको छुटकारा बाइबलमा पाइन्छ ।

पापी मर्नुपर्ने क्रुसमा धर्मी येशू बलि भए
मानव हितका लागि उनले सबै दुःख पिडा सहे
**भजन ६०९**

## पाठ दुईको पुनरावलोकन

परमेश्वरको वचनले मलाई पाप संसारमा कसरी आयो भनि भन्छ । परमप्रभुले हाम्रा प्रथम पुर्खाको रुपमा आदम र हव्वालाई बनाउनुभयो र तिनीहरुलाई असल र खराबको ज्ञान दिने रुखबाट नखान भन्नुभयो । शैतान, वा दियावलस, स्वर्गदुत हो जसले परमेश्वरप्रति विद्रोह गऱ्यो र स्वर्गबाट तल खसालियो । दियावलसले हव्वालाई परमेश्वरले उसलाई नखानु भन्नुभएको रुखबाट खान परिक्षा गऱ्यो ।
दियाबलसले हव्वालाई परमेश्वरको वचनमा शंका गर्ने बनायो ।

तिनले रुखको फल असल देखिन । तिनले त्यो खाइन र केहि आदमलाई पनि दिईन । तिनीहरुले परमेश्वरको आज्ञा पालन गरेनन । तिनीहरुले पाप गरे । यो पापलाई पैतृक वा

मौलिक पाप भनिन्छ। आदम र हव्वाको समयदेखि जन्मेका प्रत्येक मानिसहरुमा यो पाप सरेको छ। मसँग मैले मेरो जीवनमा प्रत्येक दिन गर्ने पापहरु पनि छन्। जब म चोरी गर्छु , कसैलाई घृणा गर्छु वा चित्त दुखाउँछु , जब म कसैको बारेमा खराब कुराहरु भन्छु ,म पाप गर्छु। जब म परमेश्वरलाई मेरो जीवनको पहिलो स्थानमा राख्दिनँ म पहिलो आज्ञा विरुद्धमा पाप गर्छु। मैले परमेश्वरलाई आदर गर्नुपर्छ, मैले परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँलाई भरोसा गर्नुपर्छ। म त्यो सधैँ गर्दैन। म पाप गर्छु। मेरो आफ्नै पापमय शरिर ,यस संसारका मानिसहरु र शैतान यि तीनले मलाई पाप गर्न परिक्षा गर्छन्।

तर म आशिषित छु। परमेश्वरको वचनले मलाई येशू पापरहित हुनुहुन्छ भनि सिकाउँछ। उहाँले परमेश्वरको व्यवस्था सिद्धरुपमा पालन गर्नुभयो। उहाँ दियाबलसद्धारा परिक्षित हुनुभयो, तर उहाँ परमेश्वरको वचन प्रयोग गरेर दियाबलसको परिक्षाबाट विजयी हुनुभयो। मेरो जीवनमा भएका परिक्षाहरुमा विजयी हुन म पनि परमेश्वरको वचन प्रयोग गर्न सक्छु। म यो कसरी गर्ने भनि बाइबलबाट सिक्छु।

**(पाठ दुईमा भएका प्रश्नका उत्तरहरु )**
१.आदम, हव्वा २.असल, खराब ३.मृत्यु ४.शैतान, दियाबलस ५.शंका ६. गरेनन् ७.प्रत्येक ८.प्रैतृक, मौलिक ९. सन्तान १०. मृत्यु ११.अनन्त, नर्क १२.आत्मा १३.परिक्षाहरु १४. शरिर, मानिस, दियाबलस १५.सिद्धरुपमा १६. गर्नुभएन १७.वचन

## अध्याय दुईको परिक्षा

१.परमेश्वरले आदम र हव्वालाई ..........र ............को ज्ञान दिने रुखको फल नखानु भनि आज्ञा गर्नुभएको थियो ।

२.यदि आदम र हव्वाले असल र खराबको ज्ञान दिने रुखको फल खाए भने तिनीहरु निश्चय नै ........छन् ।

३.दुष्ट स्वर्गदुतहरुको अगुवा ......... हो,.......पनि भनिन्छ ।

४. आदम र हव्वाले परमेश्वरको आज्ञा पालन ............. ।

५. आदम र हव्वाको पापमय स्वाभाव संसारको......... मानिसमा सरेको छ ।

६.यो पापलाई ..........पाप, वा ...........पाप भनिन्छ ।

७. मैले तिर्नु पर्ने पापको ज्याला ............. हो ।

८. मेरो पापपूर्ण........., यस संसारका ............. र .............ले मलाई परिक्षा गर्छन् ।

९. येशूले परमेश्वरको व्यवस्था ..........रुपमा पालन गर्नुभयो ।

१०.येशू शैतानद्वारा तीनपटक परिक्षित हुनुभयो । येशू यि परिक्षाहरुमा परमेश्वरको ........को प्रयोग गरेर विजयी हुनुभयो ।

(यि प्रश्नका उत्तरहरु पेज ९६ मा हेरी जाँच्नुहोस् )




बाइबलमा भएका मानिसहरु कसरी पाप गर्न परिक्षित भए पढ्नुहोस् ।

---

**उत्पत्ति ३९:१-२०** योसेफ व्यविचार गर्न परिक्षित भयो ।

**१ राजा २१:१-२९** राजा आहाबसँग नाबोतको दाखबारी लिने खराब इच्छा थियो ।

एफिसी ६:१०-१८ म दियाबलससँग परमेश्वरको वचन प्रयोग गरेर विजयी हुन सक्छु ।



येशू निकोदेमससँग बोल्नूहुन्छ -यूहन्ना ३:१-१६



*अध्याय तीन*

# परमेश्वरको वचनले मलाई परमेश्वरको प्रेम देखाउँछ।

म यो अध्यायलाई परमेश्वरको वचनले मलाई कसरी परमेश्वरको प्रेम देखायो भन्ने माईम्बा नामको व्यक्तिको बारेमा तपाईलाई भनेर सुरु गर्न चहान्छु। माईम्बा मध्ये अफ्रिकाको किसान थियो। ऊ एकदम दक्ष किसान थियो। उ यति असल थियो कि उसलाई सरकारले नयाँ हलो दिएर सम्मिानित गऱ्यो। माईम्बा प्रत्येक हप्ता आराधना सेवामा आउथ्यो। अराधना साईबङ्गी कृषि केन्द्र को नजिकै हुन्थ्यो जसमा चाँहि यहिले अफ्रिकाको मुलुक जाम्बीया छ। प्रत्येक हप्ताको बुधबार म पनि बाइबल अध्यायन कक्षाहरुमा सहभागि हुन्थे। माईम्बा इमान्दारीसाथ सहभागि हुन्थ्यो। हामी नयाँ नियम को गलाति को पुस्तकबाट पढिरहेका थियौं। एक मध्यान्ह जब हामी यस पुस्तकबाट पढिरहेका थियौं, माईम्बा अनुहारमा मुस्कान राखेर आफ्नो ठाउँमा

अचानक खडा भयो जसले सबैका कानहरुलाई तान्यो । उसले भन्यो,“मेरो जीवनमा पहिलो पटक मैले जानेको छु र निश्चय छु कि म मेरा असल कामहरुले बचाईएको छैन, तर म मेरा उद्धारक, येशू ख्रीष्टमा भएको विश्वासद्वारा बचाईएको छु । माईम्बा खुशी मानिस थियो । माईम्बाझैं, म मेरा आफ्नै असल कार्यहरुद्वारा बचाइएको छैन भन्ने जान्न पाउँदा मेरो हृदय आनन्दले भरिन्छ । म पनि आशिषित छु, किनभने परमेश्वरले उहाँको प्रेमले येशू खिष्टले मेरो लागि जे गर्नुभएको छ त्यसद्वारा म बचाइएको छु भनि वचनमा देखाउँनुहुन्छ । परमेश्वरको वचनले के भन्छ पढ्नुहोस् :

* परमेश्वरले उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो र उहाँले उद्धारकर्ता पठाउनुभयो ।
* परमेश्वरले मलाई अनुग्रहद्वारा त्यो उद्धारकर्तामा भएको विश्वासले बचाउनुहुन्छ ।

परमेश्वर मलाई प्रेम गर्नुहुन्छ । परमेश्वरले हाम्रा प्रथम पुर्खा आदम र हव्वालाई तिनीहरुले अदनको बगैंचामा खान निषेध गरिएको रुखको फल खाएर पापमा परेपछि उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले तिनीहरुलाई भविष्यमा जन्मिने बालकले शैतानलाई हराउनेछ र सबैमा आइपरेको मृत्युको शक्तिलाई नाश गर्नेछ भनि प्रतिज्ञा गर्नुभयो ।  धेरै वर्षपछि यशैया अगमवक्ताले हामीलाई भने, “यसैकारण परमप्रभु आफैले तिनीहरुलाई चिन्ह दिनुहुनेछ । हेर कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ” ।( यशैया ७:१४) इम्मानुएलको अर्थ परमेश्वर हामीहरुसँग हो ।

येशू त्यो बालक हुनुहुन्छ । उहाँ परमेश्वर हामीसँग हुनुहुन्छ । त्यसपछि मीका नाम गरेका अगमवक्ताले त्यो बालक बेथलेहेमको गाउँमा जन्मिनेछ भनि हामीलाई भन्छन् । परमप्रभुले भन्नुभयो, "तर ए बेथलेहेम एप्राता तँ यहूदाका कुलहरुमध्येको सानो भएतापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ" । (मीका ५:२) सयौँ वर्षपछि परमेश्वरले उहाँको प्रतिज्ञा पुरा गर्नुभयो । जब ठिक समय आयो उहाँले, येशू, उहाँको एकमात्र पुत्रलाई यहूदाको बेथलेहेम गाउँमा, कन्या मरियाम देखि जन्मन पठाउनुभयो । गलाति ४ अध्यायको ४पद देखि ७ सम्म पढ्नुहोस् । लुका २ अध्यायको पद १ देखि २० सम्म पनि पढ्नुहोस् । परमेश्वरले उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुहुन्छ । उहाँले त्यो प्रतिज्ञा येशू जब मेरो उद्धारकर्ता हुन जन्मनुभयो तब पुरा गर्नुभयो । अब परमेश्वरको सन्तानको रुपमा म परमेश्वरलाई पिता भन्न सक्छु ।

१. परमेश्वरले हाम्रा प्रमुख पुर्खा..........र.........लाई ..........पठाउने प्रतिज्ञा गर्नुभयो ।

२.............ले बालक जन्माउनेछे ।

३.उहाँलाई इम्मानुएल भनिनेछ । इम्मानुएलको अर्थ ............ ............ हो ।

४. भविष्यवक्ता मीकाले हामीलाई बालक.........शहरमा जन्मिनेछ भनि भन्छन् ।

५.परमेश्वरले येशू, उहाँको एकमात्र पुत्रलाई, कन्या .......... बाट .................को शहरमा जन्मन पठाउनुभयो ।

६.परमेश्वरले त्यो प्रतिज्ञा जब येशू मेरो ........... हुन जन्मनुभयो तब पुरा गर्नुभयो ।

७.अब म परमेश्वरको सन्तानको रुपमा, परमेश्वरलाई म मेरा .............भनि पुकार्न सक्छु ।

(यि प्रश्नहरुका उत्तरहरु पेज ३९ मा हेरि जाँच्नुहोस्)

येशूले आफैलाई होच्याउनुभयो र परमेश्वरको व्यवस्थामुनि रहन मानव भई जन्मनुभयो । त्यहि समयमा, एउटा साँचो परमेश्वरको रुपमा येशूले सिद्धरुपमा मेरो लागि व्यवस्था पालन गर्नुभयो । परमेश्वरले मेरो सिद्ध जीवनको माग गर्नुहुन्छ । म परमेश्वरको व्यवस्था सिद्धरुपमा पालन गर्न सक्दैन । यदि मैले व्यवस्थाको कुनै भागमा पाप गर्छु भने मैले सम्पूर्ण व्यवस्थाको विरुद्धमा पाप गर्छु भनि उहाँको वचनले मलाई भन्छ । यो उदाहरणलाई हेर्नुहोस्: एउटा डोरी एक ठाउँ देखि अर्को ठाउँसम्म पुगेको छ । डोरीको.कुन जोड टुट्छ त्यसले कुनै फरक पार्दैन । पुग्नुपर्ने ठाउँ नजीकै पनि हुनसक्छ । यो अर्कोठाउँ पुग्न ठिक आधा दुरीमा पनि हुनसक्छ । तर यदि त्यसको जोड टुट्यो भने, त्यो एक ठाउँबाट अर्को ठाउँमा पुग्न सक्दैन । परमेश्वरको व्यवस्थामा पनि दुरुस्त यस्तै नै छ । यदि हामीले एक मात्र आज्ञा पनि तोड्यौं भने हामी पृथ्वीबाट परमेश्वरको आज्ञा पालन गरेर स्वर्गमा पुग्न सक्दैनौं ।

येशूले मलाई मेरो लागि परमेश्वरको व्यवस्था पालन गरिदिएर परमेश्वरको प्रेम देखाउँनुहुन्छ । येशूले एउटा बालकको रुपमा उहाँका अभिभावकहरुको आज्ञापालन गर्नुभयो भनि बाइबलले मलाई भन्दछ । लुका २ अध्यायको ४१ पद देखि ५२ सम्म पढ्नुहोस् । परमेश्वरको वचनले मलाई येशूले पाप गर्नुभएन भनि भन्दछ । प्रेरित पत्रुस लेख्छन्, "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन" (१पत्रुस २:२२) । म झुट बोल्छु कारण म पापी मानिस हुँ तर येशूले ढाँट्नु भएन र सिद्धरुपमा मेरो लागि व्यवस्था पालन गर्नुभयो ।

८. हामी परमेश्वरको व्यवस्था........ रुपमा पालन गर्न सक्दैनौं ।

९. परमेश्वरका सबै ...........हाम्रा लागि पालन गरेर,मेरो लागि परमेश्वरको .......येशूले हामीलाई देखाउँनुभयो ।

१०.परमेश्वरको वचनले हामीलाई येशूले.........गर्नुभएन भनि देखाउँछ ।

(यि प्रश्नका उत्तरहरु पेज ३९ मा हेरी जाँच्नुहोस् )

परमेश्वरको मेरो लागि भएको प्रेम येशूलाई मेरा पापहरुको लागि दण्डित गर्ने कुरामा देखाइएको छ । जब म परमेश्वरको व्यवस्था तोड्छु, म मृत्युको योग्य हुन्छु । येशूले मेरो स्थान लिनुभयो र क्रुसमा मर्नुभयो । येशू निर्दोष हुनुहुन्थ्यो तर मेरो लागि दण्डित हुनुभयो । जब येशू क्रुसमा मर्नुभयो उहाँ जोरले कराउनुभयो, 'अब सिद्धियो'। यि

शव्दहरुमा येशूले भन्नुभएको कुरा उहाँले मलाई बचाउँने कार्य सिध्याउनुभयो भन्ने हो । येशूले मेरो लागि जे गर्नुभयो त्यससँग परमेश्वर सन्तुष्ट हुनुहुन्छ । येशू क्रुसमा मरेको तेस्रो दिनपछि उहाँ बौरिउठ्नुभयो । मत्ति अध्याय २८ को १ पद देखि ७ सम्म पढ्नुहोस् । यसले परमेश्वर सन्तुष्ट हुनुहुन्थ्यो भन्ने देखाउँछ । त्यसपछि उहाँले येशूलाई उच्च स्वर्गमा उचालिनुभयो,“स्वरुपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो,र मृत्युसम्मै, अर्थात क्रुसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ कि स्वर्गमा, पृथ्वीमाथि, पृथ्वीमुनी भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ । (फिलिप्पी२:८-११ ) । म आशिषित छु । परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ भनि मलाई परमेश्वरको वचनले आश्वस्त पर्छ । उहाँले मेरो लागि परमेश्वरको आज्ञा पालन गर्न येशूलाई पठाउनुभयो । येशूले मेरा पापहरुको लगि दण्ड सहनुभयो । अब म क्षमा दिईएको छु  र स्वर्ग जाने आशा छ । जब म मर्नेछु म सधैको लागि येशूसित हुनेछु ।

११.मेरा पापहरुको लागि ..........भएर येशूले मेरो लागि परमेश्वरको प्रेम देखाउँनुभयो ।

१२.येशले मेरो स्थान लिनुभयो र .......मा मेरो लागि मर्नुभयो ।

१३.येशू क्रुसमा मरेपछि .......बाट ........भयो ।

१४.उहाँलाई ........ गर्ने प्रत्येक घुँडा टेक्नेछन् ।

(यि प्रश्नका उत्तरहरु पेज ३९ मा हेरि जाँच्नुहोस्)

यो सबै परमेश्वरको असिम प्रेमको कारण भएको हो । हामी यो असिम प्रेमलाई परमेश्वरको अनुग्रह भन्छौं । म परमेश्वरको अनुग्रहद्वारा बचाईएको छु । प्रेरित पावल लेख्छन्,,"किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ-र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो -धर्मकर्महरुद्वारा होइन,नत्रता मानिसले घमण्ड गर्नेछ"(एफिसी २:८-१०) माइम्बा अफ्रिकाको किसानले के भनेको थियो सम्फनुहोस् ?ऊ खुशी थियो कि उसले ऊ आफ्ना कामहरुद्वारा बचाइएको छैन भनि सिक्यो, तर उ अनुग्रहद्वारा बचाइएको छ,उसले प्राप्त गर्न नसक्ने प्रेमले । म पनि परमेश्वरको अनुग्रहद्धारा बचाइएको छु ।

परमेश्वरले येशू मेरो उद्धारकर्तामा भरोसा गर्न विश्वास पनि दिनुहुन्छ । "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी१०:१७) । म परमेश्वरको वचनले आशिषित छु । मेरो लागि परमेश्वरको प्रेमको कारण, म विश्वासद्वारा परमेश्वरको अनुग्रहले उद्धार गरिएको छु । येशू एकमात्र स्वर्गको बाटो

हुनुहुन्छ । उहाँले हामीलाई भन्नुहुन्छ,“बाटा,सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन” । (यूहन्ना१४:६ ) प्रेरित पत्रुसले पनि मलाई त्यहि कुरा भन्छन्,“अरु कसैमा मुक्ति छैन,किनकि हामीले मुक्ति पाउँनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन”( प्रेरित४:१२)। येशू मेरो एकमात्र उद्धारकर्ता हुनुहुन्छ । म परमेश्वरको आशिषिको योग्य छैन, तर उहाँले यो मलाई सित्तैमा दिनुहुन्छ । यसको मुल्य येशूले धेरै तिर्नुभयो । त्यसकारण म परमप्रभुको प्रशंसामा मेरो आवज उठाउने छु । मैले येशू, मेरो उद्धारकर्ताद्वारा प्राप्त गरेको परमेश्वरको महान प्रेमको बारेमा म मेरा साथीहरुलाई र छिमेकीहरुलाई भन्नेछु । खीष्टियान जीवन जिवाईद्वारा म परमेश्वरलाई प्रशंसा गर्नेछु । यो पुस्तकमा भएको अर्को पाठले खीष्टयान जीवनको रुपमा मलाई उहाँले कसरी आशिष दिनुहुन्छ भनि बताउनेछ ।

१५. परमेश्वरको असिम प्रेमलाई ...........भनिन्छ ।

१६. म परमेश्वरको अनुग्रहद्वारा .............को छु ।

१७.मेरो उद्धारकर्ता,येशूमा ........गर्न परमेश्वरले मलाई विश्वास पनि दिनुहुन्छ ।

(यि प्रश्नहरुका उत्तरहरु पेज ३९ मा हेरी जाँच्नुहोस्)

म आशिषित छु कारण परमेश्वरको वचनले मलाई परमेश्वरको प्रेम देखाउँछ ।

- बाइबलले म पापी हुँ भनि भन्दछ ।
- बाइबलले मलाई येशूले सिद्ध जीवन जीउनुभयो र पाप गर्नुभएन भनि भन्दछ ।
- बाइबलले मलाई म मेरो पापको कारण अनन्तमा मर्न योग्य छु ।
- बाइबलले मलाई येशू मेरो लागि क्रुसमा मर्नुभयो र दण्ड भोग्नुभयो भनि भन्छ ।
- बाइबलले मलाई परमेश्वरको अनुग्रह, उहाँको असिम प्रेमले मलाई बचाउँछ भन्छ ।
- येशूमा विश्वास गर्न परमेश्वरले मलाई उहाँको वचनद्वारा विश्वास दिनुहुन्छ भनि भन्दछ ।
- म परमेश्वरको वचनद्वारा आशिषित छु ।
- म येशूले मेरो लागि जे गर्नुभयो त्यसको कारण प्रशंसा र आराधना गर्नेछु ।

प्रार्थना, प्रार्थना पलपलको होस् हाम्रो चाहना

पहिरौँ यो शक्तिलाई झै गहना २

आत्मिक जीवनको सास हो प्रार्थना , फेर्न यो छोडेमा

(भजन ५८१)

## अध्याय तीनको पुनरावलोकन

म बाइबल, परमेश्वरको वचनद्वारा आशिषित छु । मैले म पापी हुँ र मेरा पापको कारण मर्न योग्य छु भनि सिके । तरपनि, परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ र येशूलाई मेरो उद्वारकर्ता हुन पठाउनुभयो । परमेश्वरले उद्वारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो, र उहाँले उहाँको प्रतिज्ञा पुरा गर्नुभयो । येशू कन्या मरियाम देखि बेथलेहेम गाउँमा जन्मनुभयो ।

येशू मेरो लागि जे म गर्न सक्दैन त्यहिँ गर्न आउँनुभयो । उहाँले परमेश्वरको व्यवस्था सिद्धरुपमा पालन गर्नुभयो । परमेश्वरको पुत्रले मात्र त्यो गर्न सक्छ । येशू मेरो पापको लागि दण्डित पनि हुनुभयो । उहाँ क्रुसमा मर्नुभयो । जब उहाँले जोरले कराउनुभयो,“अब सकियो”येशूले मलाई र यस संसारमा भएका सबै मानिसहरुलाई बचाउने कार्य सिध्याउनुभयो । परमेश्वर येशूले सबैका पापहरुको लागि दुःख भोग्नुभएको लागि सन्तुष्ट हुनुहुन्थ्यो । परमेश्वरले येशूलाई मृत्युबाट उठाउनुभयो र उहाँलाई स्वर्गमा महान महिमा दिनुभयो ।

परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ । म परमेश्वरको प्रेमको योग्य छैन । यो असिम प्रेमलाई अनुग्रह भनिन्छ । म येशूमा विश्वासद्धारा परमेश्वरको अनुग्रहले बचाइएको छु । मेरो विश्वास समेत परमेश्वरको वरदान हो । त्यसकारण म आफैलाई बचाउँन सक्छु भनि शेखि गर्न सक्दैन । परमेश्वरसँग ठिक हुन एकमात्र बाटो येशू हुनुहुन्छ ।

परमेश्वरले मेरो लागि सबै कुराहरु गर्नुभयो परिणाम स्वरुप, अब म मेरो सारा हृदयले परमेश्वरको प्रशंसा र आराधना गर्छु । म परमेश्वरको वचनद्वारा आशिषित छु किनभने बाइबलले मलाई भन्छ कि म बचाइएको छु र येशूले मेरो लागि जे गर्नुभयो त्यसको कारण मेरा पाप क्षमा दिइएका छन् ।

पाठ तीनमा भएका प्रश्नका उत्तरहरु
१.उद्धारकर्ता,आदम,हव्वा २. कन्या ३.परमेश्वर हामीसगँ ४.बेथलेहेम ५.मरियाम,बेथलेहेम ६.उद्धारकर्ता ७.पिता ८.सिद्ध ९.प्रेम, व्यवस्था १०.पाप ११. दण्डित १२ कुस १३.उठ्नु, मृत्यु १४.आराधना १५.अनुग्रह १६. बचाइएको १७.विश्वास

## अध्याय तीनको जाँच

१. परमेश्वरले हाम्रा प्रमुख पुर्खा .........र ........लाई .............पठाउने प्रतिज्ञा गर्नुभयो ।

२.परमेश्वरले उहाँको एक मात्र पुत्र,येशूलाई कन्या ............देखि ..........को शहरमा जन्मिन पठाउँनुभयो ।

३.येशूले हामीलाई परमेश्वरको............. हाम्रा लागि परमेश्वरको ........... पालन गरिदिएर देखाउँनुभयो ।

४.परमेश्वरको वचनले हामीलाई येशूले ........... गर्नुभएन भनि भन्दछ ।

५.येशूले हाम्रो ठाउँ लिनुभयो र ................ मा मर्नुभयो ।

६.परमेश्वरको असिम प्रेमलाई ................... भनिन्छ ।

७.म परमेश्वरको अनुग्रहद्वारा .............. छु ।

८.मेरो उद्धारकर्ता,येशूमा भरोसा गर्न परमेश्वरले .............पनि दिनुहुन्छ ।

( यि प्रश्नका उत्तरहरु पेज ९६ मा हेरी जाँच्नुहोस्)




विश्वासद्वारा उहाँको अनुग्रहमा परमेश्वरले मानिसहरुलाई कसरी बचाउँनुभयो पढ्नुहोस् :

---

यूहन्ना २१:१५-१९ पत्रुसले उहाँको विरुद्धमा पाप गरे पनि येशूले क्षमा दिनुभयो ।

यूहन्ना २०:२४-२९ प्रेरित थोमाले येशू उसको परमप्रभु र परमेश्वर हुनुहुन्छ भनि विश्वास गर्छ ।

यूहन्ना २०: ३०,३१ परमेश्वरको वचनद्वारा म पनि येशू मेरो उद्धारकर्ता हुनुहुन्छ भन्ने विश्वास गर्न सक्छु ।



असल सामरीले घाइते मानिसलाई सहायता गर्छ ।(लुका १०:२५-३५)



*अध्याय-चार*

# परमेश्वरको वचनले मेरो संसारिक जीवनमा आशिष दिन्छ ।

म परमेश्वरको विश्वासी बालकको रुपमा धेरै प्रकारले आशिषित छु । मलाई परमेश्वरले आशिष दिने एउटा तरिका मेरो दैनिक जीवनमा उहाँको वचनद्वारा डोऱ्याउनुहुन्छ ।

परमेश्वरले जे भन्नुहुन्छ त्यो कुनै व्यक्तिले विश्वास गर्छ वा कसैले गर्दैन भन्ने कुराले धेरै ठूलो फरक पार्छ ।

एउटा अविश्वासीले परमेश्वरको वचन पालन गर्दैन र धेरै पटक ठूलो पापमा पर्छ । यस्ता पापहरुमा मत्तवालापन, बालबालिकाहरु वा श्रीमती को दुरुपयोग, अरुका चिजहरु चोर्नु, छोराहरु वा छोरीहरुलाई अनुशासनमा राख्न नसक्नु जस्ता कुराहरु समावेस हुन्छन् । अविश्वासीको जीवन एउटा बेखुशीको जीवन हुनसक्छ । एउटा विश्वासी जो

परमेश्वरको वचन पालन गर्छ र प्रेमी श्रीमान र बुबा बन्नसक्छ । उसले आफ्नो परिवारलाई कपडा, खाना र घर जुटाउन धेरै कडा परिश्रम गर्छ । उसले परमेश्वरलाई विश्वासयोग्यताका साथ आराधना गर्छ र ऊ आनन्दका साथ सक्षम भएझै सेवा गर्छ । म आशिषित छु, मसँग ख्रीष्टियान अभिभावकहरु हुनुहुन्छ । ख्रीष्टियान अभिभावकहरुलाई सम्झनु पनि एउटा आशिष हो । "धर्मीको सम्झना गर्नु आशिष्मय हुनेछ ......" (हितोपदेश १०:७) ।

परमेश्वरलाई प्रसन्न तुल्याउने ख्रीष्टीयान हुनु कति आशिषमय छ । परमेश्वरले मलाई आशिष दिनुभएझै, म अरुको लागि आशिषि बन्न चहान्छु । यसैले यो पाठले सिकाउँछ :

* परमेश्वरको वचनले मलाई ख्रीष्टियान जीवनमा सहायता गर्छ, र
* परमेश्वरको वचनले मेरो जीवनमा आनन्द र शान्तिले भर्छ ।

मेरो प्रेमी परमेश्वरलाई धन्यावाद दिदैं, मेरो परमप्रभुलाई र मेरा उद्धारकर्ताले मेरो लागि जे गर्नुभएको छ त्यसको कारण प्रशंसाको जीवन जीउन चहान्छु । म ख्रीष्टियान जीवन जीउन चहान्छु तर असल कामहरुद्धारा उद्धार पाउनको लागि होइन । येशू मलाई बचाउनको लागि जीउनुभयो र मर्नुभयो ।

ख्रीष्टियान जीवन मेरो उद्धारको लागि परमेश्वरलाई धन्यावाद दिन जीइन्छ । म आशिषित छु । परमेश्वरको वचनले मेरो जीवनमा निर्देशन गर्छ । बाइबलले मलाई मेरो परिवार, मेरो चर्च, मेरो सरकार र मेरो छिमेकीको लागि कसरी प्रेमपूर्वक जीउने भनि देखाउँछ । एउटा प्रिय परिवार पनि परमेश्वरबाटको आशिष हो । जब परमेश्वरले आदम र हव्वालाई बनाउनुभयो, उहाँले हव्वालाई आदमको सहयोगिको रुपमा बनाउनुभयो । मानिसले भने, "यो त मेरै हाडको हाड र मासुको मासु हो । तिनलाई स्त्री भनिनेछ । किनभने तिनी पुरुषबाट निकालिएकि थिइन । यसैकारण मानिसले आफ्ना आमा बुबालाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलीरहन्छ, र तिनीहरु एउटै शरीर हुन्छन् " (उत्पति २:२३,२४) परमेश्वरले मलाई साँचो रुपमा परमेश्वरलाई प्रसन्न तुल्याउने विवाह एउटा पुरुष र एउटा स्त्री बिचको हो भनेर सहायता गर्नुहुन्छ । परमेश्वरको वचनले मलाई पति र पत्नीले एकअर्कोलाई कसरी वास्ता गर्नुपर्छ भनि पनि भन्दछ । "पति हो, आफ्ना पत्नीहरुलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो "(एफिसी ५:२५) । यहाँ येशू पतिहरुको लागि उदाहरण हुनुहुन्छ । परमेश्वरको वचनले मलाई मेरी पत्नीलाई प्रेम, बलिदानी प्रेम देखाउन सहायता गर्नुहुन्छ । उहाँले पत्नीहरुलाई पनि सहयोग गर्नुहुन्छ । " पत्नी हो, प्रभुको अधिनमा रहेजस्तै आ-आफ्ना पतिको अधिनमा बस । किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलिको शिर हुनुहुन्छ जुन मण्डली उहाँको

शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ"( एफिसी५:२२ ,२३) । मण्डलीले खीष्टलाई आदर गरेझै पत्नीले तिनका पतिलाई आदर गर्नुपर्छ ।

१.मेरो खीष्टियान जीवन मेरो ..........को लागि परमेश्वरप्रति .........दिन जीइन्छ ।

२.प्रेमिलो परिवार परमेश्वरबाटको ................ हो ।

३.परमेश्वरलाई साँचो रुपमा प्रसन्न तुल्याउने विवाह एउटा.......र ........... बीचको हो ।

४.परमेश्वरको प्रेमले मलाई मेरी श्रीमतीप्रति.........., बलिदानी.......... देखाउँन सहायता गर्छ ।

५.चर्चले खीष्टिलाई आदर गरेझै, पत्नीले उसको पतिलाई ............... र ................ गर्नुपर्छ ।

(यि प्रश्नका उत्तरहरुलाई पेज ५८ मा हेरि जाच्नुहोस्)

हाम्रो परिवारमा प्रेमको सम्बन्ध पति पत्नी बीचमात्र हुँनुहुदैँन, तर छोराछोरीहरु र अभिभावकहरु बीच पनि हुनुपर्छ । परमेश्वरको वचनले मलाई निर्देशन गर्छ । यसले मलाई छोराछोरीहरु परमप्रभुबाटका आशिषहरु हुन भनि सम्झन सहायता गर्छ । अभिभावकको रुपमा, मैले मेरा छोराछोरीहरुको राम्रो ख्याल गर्नुपर्छ । प्रेरित पावलले लेख्छन्, "यदि कसैले(यसले अभिभावकहरुलाई पनि समावेश गर्छ)आफन्ताहरुको र विषेश गरि आफ्नै परिवारको पालन पोषण गदैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ र

विश्वास नगर्नेहरु भन्दा पनि खराब हुन्छ” (१ तिमोथी ५:८) तर उहाँले अभिभावकहरुलाई भन्नुभयो, “बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ” (एफिसी ६:४)। मैले मेरा छोराछोरीहरुलाई परमेश्वरको वचन सिकाइएको छ भन्ने हेर्नुपर्ने मेरो दायित्व छ ताकि त्यो तिनीहरुको जीवनमा सहयोगि हुनेछ। बालबालिकाहरुको पनि परिवारमा दायित्व छ। “छोराछोरीहरु हो, प्रभुमा आफ्ना आमा बुबाको आज्ञा पालन गर , किनकि यो उचित हो ”(एफिसी ६:१) छोराछोरीहरु तिनीहरुलाई गर्न भनिएको काम गरेर अभिभावकलाई प्रेम र आदर गर्छन। परमेश्वरले आफ्ना अभिभावकहरुको आज्ञापालन गर्ने छोराछोरीहरुलाई लामो आयुको प्रतिज्ञा गर्नुभएको छ। “तेरा बाबुको कुरा सुन्, जसले तँलाई जीवन दिए, र आफ्नी आमा वृद्ध हुँदा उनको हेला नगर्”( हितोपदेश २३:२२)

परमेश्वरको वचन मेरो परिवारिक जीवनमा मेरो सहयोगि छ। दुर्भाग्य, मैले गर्नुपर्ने झै गरि म मेरी पत्नीलाई सधैँ प्रेम गर्दिनँ।

मेरा छोराछोरीहरुले पनि मलाई तिनीहरुको पिताझै सधैँ आदर गर्दैनन्। यि समयहरुमा म परमेश्वरको वचनतर्फ फर्कनसक्छु र मैले क्षमा खोज्नुपर्छ र मेरो उद्धारकर्ताले मेरो लागि कमाउनुभएको क्षमालाई देखाउँनुपर्छ। म आशिषित छु। परमेश्वरले मलाई मेरो परिवारिक जीवनमा डोर्‍याउँनुहुन्छ र मलाई क्षमा दिनुहुन्छ। उहाँको वचनले

मलाई येशूले मेरा लागि जे गर्नुभएको छ त्यसमा विश्वास दिन्छ ।

६. परमेश्वरको वचनले मलाई बालबालिकाहरु परमेश्वरबाटका ............ हुन भनि सम्झाउँछ ।

७.मसँग मेरा बालबालिकाहरु ..............
............सिकाईएका छन् भनि हेर्ने दायित्व छ ।

८. बालकले गर्न भनिएका काम गरेर उसका अभिभावकहरुलाई इज्जत र .............. गर्छन् ।

(यि प्रश्नका उत्तरहरु पेज ५८ मा हेरी जाच्नुहोस्)

ख्रीष्टको मण्डली र सङ्गी ईसाई साथीहरुका लागि भएको मेरो प्रेम मेरो लागि धेरै महत्वपूर्ण छ । पवित्र आत्माको शक्तिद्वारा, अरु विश्वासीहरुसँग परमेश्वरको मण्डलीको सदस्य भएकोछु । पवित्र आत्माले यो परमेश्वरको वचनमा भएको सुसमाचारको शक्ति, बप्तिस्मामा भएको शक्ति र प्रभु भोजको शक्तिद्वारा गर्नुभएको छ ।

एउटा विश्वासीको रुपमा म परमेश्वरलाई आराधना गर्न चाहन्छु । येशूले मलाई मेरो लागि परमेश्वरको व्यवस्था पालन गरेर र मेरा पापहरुको लागि दण्ड सहेर मलाई असाध्यै प्रेम गर्नुभयो । म परमेश्वरको क्षमा दिइएको बालक हुँ । येशूले मेरो लागि गर्नुभएका सबै कामहरुको सट्टामा म उहाँलाई प्रेम गर्छु र उहाँको महिमा गर्न चाहन्छु । म यो मेरो प्रार्थनाको जीवन र सेवाको जीवनबाट गर्न सक्छु ।

येशूले मलाई उहाँलाई प्रार्थना गर्न भन्नुहुन्छ। उहाँ भन्नुहुन्छ, “तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौं, उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ” (यूहन्ना १६:२३)। तर कति पटक म जे माग्छु त्यो प्राप्त गरेको देख्दिनँ। तब मैले यो सम्झनुपर्छ कि सायद परमेश्वरले मेरो प्रार्थनाको उत्तरमा मलाई चाहिँएको कुरा मागेझै दुरुस्त दिनुहुन्छ, वा उहाँले “पर्ख” भन्नुहुन्छ होला वा उहाँले “त्यसको सट्टामा यो लेऊ” पनि भन्न सक्नुहुन्छ। उदाहरण, यदि सानो बालकले धारिलो चक्कु माग्यो भने, के आमाले बालकलाई चक्कु दिनेछिन र ? अहँ। किन ? किनभने आमालाई थाहा छ कि चक्कुले बालकलाई हानि गर्छ। परमेश्वरमा पनि यहि सत्यता छ। यदि मैले जे मागे त्यसले मलाई हानि गर्छ भनि उहाँले त्यो देख्नुभयो भने उहाँले यसको सट्टामा असल कुराले मेरो प्रार्थनाको उत्तर दिनुहुन्छ। यसकारण म मेरो जीवनमा मलाई जे आवश्यक छ त्यो निरन्तर मागिरहनेछु यो जानेर कि म उहाँको प्रिय सन्तान हुँ र परमेश्वर प्रेमिलो बुबा हुनुहुन्छ। येशू, उपदेशमा, हामीलाई भन्नुहुन्छ, “यसकारण तिमीहरु दुष्ट भएर आफ्ना छोराछोरीहरुलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरुका पिताले उहाँसित माग्नेहरुलाई कति बढी गरेर असल चीज दिनुहुनेछ ? (मत्ती ७:११) म परमेश्वरबाट केहि चीजहरुमात्र माग्दिनँ, तर म उहाँले मेरो लागि गर्नुभएका सबै कामहरुको लागि उहाँलाई प्रशंसा र धन्यवाद दिनेछु।

जब म प्रार्थना गर्नसक्छु र गर्नुपर्ने हुन्छ, दैनिक रुपमा, चर्च जादा मसँग आराधना गर्ने अवसर पनि हुन्छ । चर्चको आराधना सेवामा म मेरा पापहरु स्वीकार गर्छु र मेरा पापहरु क्षमा गरिएको घोषणा पाउँछु । मैले परमेश्वरको वचन पढिएको सुन्छु र प्रवचनको व्याख्या पनि सुन्छु । म अरु ईसाइसँगै परमेश्वरलाई प्रशंसा गर्ने काममा सहभागी हुन्छु , र म प्रशंसाका भजनहरु गाउँन मन पराउँछु । परमेश्वरले दश आज्ञामा मलाई सम्झाउनुहुन्छ कि मैले, "शबाथको दिन (विश्रामको दिन)पवित्र राख्नुपर्छ भनि ख्याल राख" । मैले हर्षित भएर परमेश्वरको वचन सिक्नुपर्छ र सुन्नुपर्छ । परमेश्वरको मेरो जीवनमा आशिष दिने इच्छाको उत्तरको रुपमा, म भजनसङग्रहका लेखकसगैँ उत्तर दिन्छु र भन्छु,"जब तिनीहरुले मलाई भने, 'परमप्रभुको भवनमा हामी जाऔँ, तब म आन्दित भए"( भजनसङग्रह १२२:१) । परमप्रभु मेरा परमेश्वरलाई आराधना गर्नु मेरो लागि कति आनन्दको कुरा छ । म आशिषित छु । म आनन्दका साथ अरु विश्वासीहरुसगैँ परमेश्वरको आराधना गर्न सक्छु ।

परमेश्वरको बालकको रुपमा म पनि मेरो चर्चको काममा सहयोग गर्न चाहन्छु । परमेश्वरको मेरो लागि भएको प्रेम र उहाँले मेरो लागि गर्नुभएका सबै कुराहरुको लागि धन्यावाद दिन म मेरो समय, आत्मिक वरदान,र परमेश्वरको मण्डलीको काममा सहायता गर्नको लागि पैसा पनि दिनेछु । प्रेरित पावल लेख्छन, "अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभई होइन, नता

करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।” प्रेममा मेरो उद्धारकर्ताको लागि म खुशीसाथ र मेरो क्षमताले सक्ने जति उत्तम प्रकारले परमेश्वरको मण्डलीको काममा सहायता गर्नेछु ।

९. एउटा विश्वासीको रुपमा म परमप्रभुलाई .......... गर्न चहान्छु ।

१०. येशूले मेरो लागि जे गर्नुभयो त्यसको सट्टामा म उहाँलाई ........... गर्न चहान्छु ।

११.येशूले मलाई उहाँलाई ................ गर्न भन्नुभयो ।

१२. म परमेश्वरबाट केहि थोक मात्र ................ र तर उहाँले मेरो लागि गर्नुभएका सबै कुराहरुको लागि ............र ............... गर्ने काम निरन्तर गर्नेछु ।

१३. परमेश्वरले मलाई उहाँको दश आज्ञामा मैले “शबाथ दिन (विश्रामको दिन)........ राख्नुपर्छ भनि ख्याल गर” भनेर सम्झाउँनुहुन्छ ।

१४. मैले ........ साथ परमेश्वरको वचन सिक्नुपर्छ र सुन्नुपर्छ ।

१५. म मेरो उद्धारकर्ताको लागि भएको प्रेमको कारण म परमेश्वरको मण्डलीको काममा ............. गर्नेछु ।

(यि प्रश्नका उत्तरहरु पेज ५८ मा हेरि जाच्ँनुहोस्)

जब म परमेश्वरको वचनद्वारा आशिषित छु, म मेरो परिवारलाई मात्र प्रेम गर्दैन, तर म परमेश्वर र अरु

मानिसहरु प्रति परमेश्वरले म माथि राखिदिनुभएको सरकारलाई आदर गरेर देखाउँछ । परमेश्वरले चर्च स्थापित गर्नुभएभ्कै, उहाँले ममथि शासन गर्ने सरकार बनाउनुभयो । त्यो कुन प्रकारको सरकार हो भन्ने कुराले कुनै फरक पार्दैन । त्यो प्रजातन्त्र, राजावादी वा निरङ्कुस्ता जे हो त्यसलाई परमेश्वरले स्थापित गर्नुभयो । प्रेरित पावल हामीलाई भन्छन्, "हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन"(रोमी १३:१) । परमेश्वरको वचनले हामीहरुलाई यि कुराहरुमा सहायता गर्छ । प्रेरित पत्रुसले पनि हामीलाई भन्छन्, "प्रभुको खातिर मानिसको हरेक शासनको अधिनमा बस, चाहे त्यो सर्वोच्च राजाको होस्, अथवा हाकिमहरुको होस्, जो दुष्ट काम गर्नेहरुलाई दण्ड दिन र असल काम गर्नेहरुलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन्" (१ पत्रुस २:१३,१४) । मेरो देशमा नागरिकको रुपमा, म शासकको आज्ञा पालन गर्छु । यदि मैले जे असल छ त्यहि गरे भने मैले डराउनुपर्दैन कारण मैले असल गरेको मा प्रशंसा पाउनेछु । तर, यदि मैले देशको कानुन तोडे भने, तब सरकारसँग मलाई दण्ड दिने अधिकार र कर्तव्य छ ।

मैले सरकारलाई सहयोग गर्नुपर्छ । म यो कर तिरेर गर्न सक्छु । येशू आफैले पनि यसको बारेमा हामीलाई सम्भ्काउनुहुँन्छ ।जब येशूका शत्रुहरुले उहाँलाई केहि गलत भनेकोमा पकन खोजे, तिनीहरुले उहाँलाई भने, "यसकारण

हामीलाई भन्नुहोस् कैसरलाई कर तिर्नु उचित हो कि होइन? तिनीहरुले उहाँलाई भने, कैसरको हो । तब उहाँले तिनीहरुलाई भन्नुभयो,'यसकारण जे कैसरका हुन,ती कैसरलाई देओ, र जे परमेश्वरका हुन,ती परमेश्वरलाई देओ"(मत्ति २२:१७,२१ )

मैले मेरो सरकार र यसका अधिकारीहरुको लागि प्रार्थना गर्नुपर्छ । प्रेरित पावलले तिमोथी र मलाई भन्छन्,"सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढाइऊन्, राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं"( १ तिमोथी २:१,२) । म माथि सरकारमा भएकाहरुको निम्ति प्रार्थना गर्न परमेश्वरको वचनद्वारा डोऱ्याईनु कति आशिषको कुरा छ ताकि कि म खुशी र शान्तपूर्वक जीवन जीउन सक्छु ।

येशूलाई पछ्याउने व्यक्तिको रुपमा, म परमेश्वरको वचनद्धारा डोऱ्याइन चहान्छु । म मेरो घरमा, मेरो गाउँमा र मेरो देशमा सुखी र शान्त जीवन जीउन चहान्छु ।

१६. परमेश्वरले चर्चलाई स्थापित गराएझै, उहाँले हामीमाथि शासन गर्न............ पनि स्थापित गर्नुभयो ।

१७. मेरो देशमा एउटा नागरिकको रुपमा, मैले सरकारको ......गर्नुपर्छ ।

१८. म सरकारलाई ........तिरेर सहयोग गर्न सक्छु ।

१९. मैले मेरो सरकार र यसका कार्यलयहरुको लागि .........गर्नुपर्छ, ताकि, कि म .........पूर्वक जीवन जीउन सकूँ ।

(यि प्रश्नहरुका उत्तरहरु ५८ मा हेरी जाच्नुहोस्)

मेरो छिमेकी बिरामी छ । ऊ आफ्नो खेतमा काम गर्न सक्दैन । उसले आफ्ना जनावरहरुको ख्याल गर्न सक्दैन । मैले के गर्ने ? म आशिषित छु । परमेश्वरको वचनले मलाई मैले के गर्नुपर्छ डोर्‍याउँछ । "यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरुको, जो हाम्रो विश्वासका परिवारका हुन् " ( गलाती ६:१०) ।

जब कसैलाई सहयोगको आवश्यकता पर्छ मैले के गर्नुपर्छ । मैले उसलाई सहयोग गर्नुपर्छ । सायद म उसका केहि काम गरिदिन सक्छु ताकि उसले चिन्ता नगरोस् । सायद म उसलाई केहि खाना वा पैसा दिनसक्छु ताकि तिनीहरुले आफ्नो परिवारको आवश्यकताहरुलाई हेर्न सकून । म अरुप्रति असल काम गर्ने कुराहरुमा थाक्दिनँ । काममा, म परमेश्वरको वचनद्वरा आशिषित छु । पवित्र आत्माले परमेश्वरको वचन प्रयोग गरेर मेरो परिवार, मेरो चर्च, मेरो सरकार र छिमेकीहरुलाई पनि प्रेम गर्न डोर्‍याउनुहुन्छ । परमेश्वरले मेरो ख्रीष्टीयान जीवनमा म अरु मानिसहरुका

लागि, विशेष गरी परमेश्वरको परिवारको लागि आशिष हुन सकूँ भनि डोऱ्याउनुहुन्छ ।

प्रेम देखाउने कुराले मेरो जीवनमा आनन्द ल्याउँछ । फेरि अनि फेरि परमेश्वरको वचनले हामीलाई खुशी, हर्षित र आनन्द हुन सम्झाउनुहुन्छ ।"आफ्नो आशामा आनन्द गर,सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो, आनन्द गर्नेहरुसँग आनन्द गर, रुनेहरुसँग रोओ " ( रोमी १२:१२,१५) ।

प्रेमले मेरो जीवनमा शान्ति ल्याउँछ । येशूमा विश्वासद्वारा, म परमेश्वरसँग शान्तिमा छु । म परमेश्वरदेखि डराउनुपर्दैन, किनभने उहाँले मलाई क्षमा दिनुभएको छ । ख्रीष्टीयान, प्रेमिलो जीवन जीउँदा म मेरा साथीहरुसँग पनि शान्तिमा छु । मेरो परिवारमा, मेरो चर्चमा , सरकारसँग र मेरो छिमेकीसँग शान्तिमा छु ।

२०.कसैलाई सहयोग चाहियो भने मैले के गर्नुपर्छ ?
मैले उसलाई ............ गर्नुपर्छ ।

२१. म अरुहरुको लागि आशिष, विशेष गरी परमेश्वरको परिवारको लागि.......... हुनसक्छु ।

२२. येशूमा विश्वासद्वारा, म परमेश्वरसित ......... मा छु ।

२३. ख्रीष्टीयान, प्रेमिलो जीवन जीउँदा म मेरा साथीहरुसँग पनि .......... मा छु ।

(यि प्रश्नहरुका उत्तरहरु पेज ५८ मा हेरि जाँच्नुहोस्)

म परमेश्वरको वचनद्वारा अशिषित छु। उहाँको वचनले मलाई यस पृथ्वीमा भएको जीवनमा डोऱ्याउँछ र येशूसँग स्वर्गमा अनन्तको जीवनमा डोऱ्याँउछ।

- परमेश्वरको वचनले मलाई मेरी श्रीमती वा श्रीमानलाई प्रेम देखाउन सहयोग गर्छ।
- परमेश्वरको वचनले मलाई मेरा छोराछोरीहरुलाई प्रेम देखाउने र तिनीहरुलाई मलाई आदर गर्न सहायता गर्न डोऱ्याउनुहुन्छ।
- परमेश्वरको वचनले मलाई परमेश्वरले मेरो लागि गर्नुभएका सबै कुराहरुको लागि परमेश्वरलाई आराधना गर्न र प्रशंसा गर्न सहायता गर्छ।
- परमेश्वरको वचनले मलाई आफ्नो लागि मात्र नभएर अरुको लागि प्रार्थना गर्ने सहायता गर्छ।
- परमेश्वरको वचनले म माथि शासन गर्ने प्रत्येकलाई आदर र इज्जत गर्न सहायता गर्छ।
- परमेश्वरको वचनले मलाई मेरो छिमेकीलाई आवश्यक भएको जुनसुकै तरिकामा सहयोग गर्न सहायता गर्छ।
- परमेश्वरको वचनले मलाई परमेश्वरसँग र अन्य सङ्गिहरुसँग शान्तिमा रहन सहायता गर्छ।

**येशू कस्तो प्यारो मित्र पापको भार उठाउनुभयो**
दुःख-सुख ईश्वरकहाँ ल्याउनु हामीलाई वरदान कत्रौ
कति शान्ति सुख.........( भजन नं ३९७)

## अध्याय चारको पुनरावलोकन

परमेश्वरको वचनले म ख्रीष्टियानको रुपमा कसरी जीउनुपर्छ भनि बाटो देखाउने सहयोगिको रुपमा काम गर्छ । येशूले मलाई बचाउनुहुन्छ तर मलाई मेरा परिवारका सदस्य र चर्चका सदस्य र ममाथि शासन गर्ने सरकार लगायत तिनीहरु जो मेरा साथीहरु हुन्  तिनीहरुलाई प्रेम देखाउँन सहायता गर्ने पवित्र आत्मा नै हुनुहुन्छ ।

ख्रीष्टियान परिवारमा, पतिहरुले तिनीहरुका पत्नीहरुलाई प्रेम गर्नुपर्छ । पत्नीले तिनीहरुको पति जो परिवारको शिर हो,उसलाई इज्जत र आदर गर्नुपर्छ । छोराछोरीहरुले तिनीहरुका आमाबुबाको आज्ञा पालन गर्नुपर्छ र अभिभावकहरुले, प्रेममा तिनीहरुका बालबालिकाहरु परमेश्वरको वचन सिकाउँछन् । मेरो मण्डलीमा सबै समयमा येशूलाई प्रार्थना गर्न र मेरा पापहरु स्वीकार गर्दै उहाँको आराधना गर्न,  उहाँको क्षमा प्राप्त गर्दै, परमेश्वरको वचन पढिएको र व्याख्या गरिएको सुन्दै, र उहाँले मलाई दिनुभएका सबै आशिषहरुको लागि परमेश्वरलाई प्रशंसा गर्ने गित गाउन सिके । म मेरो चर्चलाई मैले सक्ने जुनसुकै तरिकामा सहयोग गर्न सक्छु ।

मेरो देशको नागरिकको रुपमा मेरो जीवनमा, म माथि रहेको सरकारलाई आदर गर्नेछु, तिनीहरुको लागि प्रार्थना गर्नेछु र मेरो सरकारलाई कर तिरेर सहयोग गर्नेछु । जब म सरकारलाई आदर गर्छु र उसको कानून पालन गरे भने, म आशिषित हुनेछु ।

म मेरो जीवनमा मेरो वरपर भएकाहरुको छिमेकी हुनेछु । जब म तिनीहरु बिरामी भएको वा आवश्यकतामा परेको कारण समस्यामा देख्छु , म तिनीहरुलाई प्रेम देखाउँनेछु र तिनीहरुलाई सहयोग गर्नेछु । मैले मेरो ख्रीष्टियान जीवनमा परमेश्वरको इच्छा अनुसार गर्दा, म आनन्द र खुशी पाउँछु । म परमेश्वरसित र मेरो नजिकै बस्नेहरु र मेरो माथिकाहरु र मेरो सहयोग पाउनेहरुसँग शान्तिमा छु । म परमेश्वरको वचनद्वारा आशिषित छु ।

**अध्याय चारमा भएका प्रश्नहरुका उत्तरहरु**

१. धन्यावाद, उद्धार २. आशिष ३.पुरुष, स्त्री ४.प्रेम, प्रेम ५.आदर, इज्जत ६.आशिष ७. परमेश्वरको वचन ८. आदर ९. आराधना १०.प्रशंसा ११. प्रार्थना १२. माग्न, धन्यावद,प्रशंसा १३. पवित्र १४. खुशी १५.सहयोग १६. सरकार १७.आज्ञापालन १८.कर १९.प्रार्थना, शान्ति २०.सहयोग २१. आशिष २२. शान्ति २३. शान्ति

## अध्याय चारको जाँच

१. प्रेमिलो परिवार परमेश्वरबाटको ............... हो ।

२. परमेश्वरलाई प्रसन्न पार्ने विवाह एउटा ...........र .......... बीच हो ।

३. मेरा छोराछोरीहरुलाई ............... ......... सिकाइएको छ भनी हेर्ने जिम्मेवारी छ ।

४. म परमेश्वरसँग केहि थोकहरु ...............को लागि मात्र गर्दिनँ, तर उहाँले मेरो लागि गर्नुभएका सबै कुराहरुको लागि उहाँलाई ........... र ............ निरन्तर गर्नेछु ।

५. परमेश्वरले मलाई उहाँका दश आज्ञाहरुमा मैले "शबाथ दिन वा विश्राम दिन ............... राख्नुपर्छ" भनि सम्झाउँनुहुन्छ ।

६.मैले ..........साथ परमेश्वरको वचन सिक्नु र पढ्नुपर्छ ।

७. मैले मेरो देशको नागरिकको रुपमा सारकारको .............. गर्नुपर्छ ।

८.म कर तिरेर सरकारलाई ............ गर्नसक्छु ।

९. जब कसैलाई सहयोगको आवश्यक छ मैले के गर्नुपर्छ ?

मैले उसलाई ............. गर्नुपर्छ ।

१०. येशूमा विश्वासद्वारा, म परमेश्वरसित ............. छु ।

११. प्रेमिलो ख्रीष्टियान जीवन जीउँदा, मेरा साथीहरुसित पनि म .......... मा छु ।

( यि प्रश्नका उत्तरहरु पेज ९६ मा हेरी जाँच्नुहोस् )



परमेश्वरको वचनले मलाई ख्रीष्टियान जीवन जीउन कसरी सहायता गर्छ भनि जान्न पढ्नुहोस् :

---

**एफिसी ५:२२-६:४**  प्रेरित पावलले परिवारिक सम्बन्धको बारेमा सिकाउँछन्

**लुका २:४१-५२**  येशूले परमेश्वरको वचन पढ्नुभयो र उहाँका अभिभावकहरुको आज्ञा पालन गर्नुभयो ।

**रोमी १३:१-७**  मेरो सरकार आदर गरिनुपर्छ ।

**लुका १०:२५-३७**  मैले मेरो सहयोग चाहिने व्यक्तिलाई सहयोग गर्नुपर्छ ।



लाजरसको चिहानमा येशूले मार्थालाई सान्त्वना दिनुहुन्छ।
यूहन्ना ११:१७-४४



*अध्याय पाँच*

# परमेश्वरको वचनले मलाई दुःखमा हुँदा सहयोग र निर्देशन गर्छ ।

म तपाईहरुलाई धेरै वर्ष पहिले जर्मनिमा बस्ने एकजना लुथरन पाष्टरको बारेमा बताउन चहान्छु । उहाँको नाम पावल गेरहार्ड थियो । उहाँको सेवकाइको सम्पूर्ण काल भरी नै उहाँले धेरै सतावट र दुःख भोग्नुभयो । युद्धको समयमा उहाँको गाउँघर नै नाश भयो । तिनीहरुको जीवनको पहिलो वर्ष नै उहाँका पाचँजना छोराछोरीहरु मध्येका चार जना मरे । उहाँकी पत्नी पनि बित्नुभयो । र पनि उहाँ परमेश्वरसित रिसाउनुभएन । परमेश्वरको वचनद्वारा उहाँले आफ्ना यि सबै सङ्कटहरुमा विजयी हुन सघंर्ष गर्नुभयो र उहाँ एउटा महान भजन लेखक बन्नुभयो । उहाँका धेरै भजनहरुले उहाँको दुःखमा परमेश्वरलाई प्रशंसा गर्छन्, जस्तै,“म मेरा सृष्टिकर्ताको प्रशंसालाई प्रशंसा गर्नेछु” वा “किन सङ्कट र कुसले मलाई सुस्ताउँछन्” ?

हाम्रो दैनिक जीवनमा हामी पनि यस्ता समस्याहरुमा पर्छौं, जस्तै हाम्रो परिवारका सदस्याहरु र आफ्नो लागि खानाको कमी, हाम्रो अति प्रिय व्यक्तिको मृत्यु र हामीलाई हुने बिरामी। म त्यो समयमा जवान बालकको रुपमा हुर्किए जुन समयमा धेरै मानिसहरुसगँ काम थिएन वा खाना किन्नको लागि पैसा थिएन। म सम्झन्छु प्रत्येक महिनाको एकहप्ता हामीसगँ खाना एकदमै कम हुन्थ्यो। त्यसपछि जीवनमा,मेरी पत्नीको क्यानसरको अपरेसन भयो र म पनि अहिले बिरामी छु। अहिले भर्खरै नचिताएको रुपमा हाम्रो एकमात्र जवान छोराको मृत्यु भयो। तर तपाईलाई थाहा छ यि कठिनाईहरुमा पनि मसगँ भएको कुरा परमेश्वर र उहाँको वचन हो। उहाँ मलाई डोचाउनुहुन्छ र मलाई सहायता गर्ने प्रतिज्ञा गर्नुभएको छ। येशूले उहाँका चेलाहरुलाई भन्नुभयो, "मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर म युगको अन्त्यसम्म सधै तिमीहरुको साथमा छु। ( मत्ती २८:२०)"

१. हाम्रो जीवनमा हामी सधै .............. को सामना गर्छौं।

२. तपाईको जीवनमा भएका केहि कठिनाईहरु लेख्नुहोस् ।

............................................................................

३. हाम्रा सबै कठिनाईहरुमा हामीसगै हुन परमेश्वर र उहाँको ......... छ।

४.परमेश्वरले हामीलाई डोऱ्याउँनुहुन्छ र हामीलाई ............ गर्ने प्रतिज्ञा गर्नुभएको छ।

(यि प्रश्नहरु उत्तरहरु पेज ७३ मा हेरि जाच्नुहोस्)

यसैकारण, यो अध्यायमा हामी सिक्छौँः

* येशूले, जब मानिसहरुको जीवनमा कठिनाई आए तिनीहरुलाई डोऱ्याउन उहाँको वचनको प्रयोग गर्नुभयो ।
* येशूले हाम्रो दैनिक जीवनमा हामीले सामना गर्ने कठिनाईहरुमा विजयी हुन सहायता गर्नुहुन्छ ।

सर्वप्रथम, पुरानो नियमको समयमा भएका अप्यूब नाम गरेको व्यक्तिको बारेमा तपाईले सोचेको म चहान्छु । ऊ धेरै ठूलो भेडाहरुको बथान, ऊटहरु, गधा , धेरै नोकरहरु र दशवटा छोराछोरीहरु भएको एउटा धनी मानिस थियो । एकदिन उसले थाहा पायो कि उसका शत्रुहरुले उसका भेडाहरु, गधाहरु र ऊटहरु लगे । तिनीहरुले अप्यूबका प्राय धेरै नोकरहरुलाई मारे । त्यसपछि उसले उसका छोराछोरीहरु भोजन गरिरहेको घरलाई आधिले नाश गऱ्यो भन्ने समाचार पायो । उसका सबै छोरछोरीहरु मारिए । अन्त्यमा, अप्यूब माथि देखि तल खुट्टाहरु सम्मै पिडादायी खटिराले भरियो । साच्चैं, अप्यूबको जीवन धेरै कष्टहरुले भरिएको थियो । अप्यूब कि श्रीमतीले उसलाई परमेश्वरलाई सराप र मर भनि । केहि साथीहरुले अप्यूबले यत्रो ठूलो पिडा भोग्नको लागि के पाप गऱ्यो भनि जान्न चाहे । तर अप्यूबले परमेश्वरलाई सरापेनन् । बाइबलले हामीलाई भन्छ, “यि सबै कुरामा अप्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन् ”(अप्यूब १:२२) । परमेश्वरको डोऱ्याउने हातको परिणाम स्वरुप अप्यूबले यो

स्वीकार गर्न सक्षम भए, “तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ । अनि मेरा छाला नशा गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु । म आफ्नै आखाँले उहाँलाई देख्नेछु आफैले नै देख्नेछु अरु कसैले होइन । मेरो हृदय म भित्रै कति लालयत बन्छ ।” (अयूब १९: २५-२७)

५. अप्यूब ....... .......... को समयमा थिए ।

६. अप्यूब धेरै ............ मानिस थिए ।

७. उसका सबै कठिनाईहरुमा .................. अप्यूबसँग बोल्नुभयो ।

८. अप्यूबले .......... मा बस्ने अगाडिको कुरालाई हेरे ।

( यि प्रश्नका उत्तरहरु पेज ७३ मा हेरी जाच्नुँहोस् )

परमेश्वरको निर्देनलाई पछ्याउने अर्को व्यक्ति प्रेरित पावल थिए । उनीसँग उनको ‘शरिरमा एउटा काँढो’ ‘शरिरमा भएको दुखाई’ थियो । “तर प्रशस्त प्रकाशहरुको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात एउटा काँढो मेरो शरीरमा दिइयो”( २ कोरिन्थी १२:७) । हामीलाई थाहा छैन पावलको दुखदायि अवस्था के थियो । कोहि सोच्छन् कि भारी कपडाबाट पाल बनाउदै गर्दा उनका हात कुञ्जो थिए । अरुले सोच्थे कि उनले राम्रोसगँ देख्न सक्दैन थिए ।

पावलको समस्या जे भए पनि हटाईदिन परमेश्वरसित प्रार्थना गरे । तर, तिनलाई परमेश्वरले यसरी जवाफ दिनुभयो," तर उहाँले मलाई भन्नुभयो,'मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ , किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ"(२ कोरिन्थी १२:९ ) । परमेश्वरले पावलका कठिनाईहरुलाई हटाईदिनुभएन । तर परमेश्वरले तिनलाई आफ्नो कठिनाईलाई सहने शक्ति दिनुभयो ।

९. पावलले 'शरिरको काँढो' हटाईदिन परमेश्वरलाई ............ गरे

१०. परमेश्वरले पावलको दुःखलाई हटाईदिनु ....... ।

११. परमेश्वरले पावललाई तिनको दुःख सहने ........... दिनुभयो ।

( यि प्रश्नका उत्तरहरु पेज ७३ मा हेरी जाच्नुँहोस् )

परमेश्वरले अप्यूब र पावलको लागि जे गर्नुभयो त्यो उहाँले मेरो लागि पनि प्रतिज्ञा गर्नुभएको छ । विगतका महिना देखि मसँग ठूलो दुखाई थियो । मैले सक्ने जति म हिड्न सक्दैन ।कडा टाउँको दुखाईसगैं, म धेरै तौल गुमाइरहेको छु । मैले धेरै डक्टरहरु कहाँ देखाइसके तर मेरो समस्याको उपाय पाइएको छैन । तर म निश्चय छु कि मेरो दुःखमा येशू मसगैं हुनुहुन्छ । उहाँ येहोशूलाई झै प्रतिज्ञा गर्नुहुन्छ, 'परमप्रभु आफै तिम्रो अगि जानुहुन्छ र तिमीसित हुनुहुनेछ । उहाँले तिमीलाई कहिल्यै छोड्नुहुनेछैन नता त्याग्नुहुनेछ ।

नडराऊ, निरुत्साह नहोऊ '(व्यवस्था ३१:८ ) । परमेश्वरले म कठिनाईमा हुदाँ मलाई डोऱ्याउने र सहायता गर्ने प्रतिज्ञा गर्नुहुन्छ । म आशिषित छु । परमेश्वरले मेरो प्रार्थना सुन्नुहुन्छ । उहाँले येशूलाई झैं मलाई कठिनाई र दुःखको सामना गर्ने शक्ति दिनुहुन्छ ।

कति पटक हामी ख्रीष्टियान भएकोमा दुःख भोग्छौं । जब हामी परमेश्वरको वचन पढ्छौं र उहाँलाई आराधना गर्छौं, सायद मानिसहरु हाँस्छन् होला । जब हामी येशूको वचन भन्न चहान्छौं सायद मानिसहरु हामीलाई सुन्न चहादैनन् होला ।

म सम्झिन्छु एकदिन बुल्गेरीया देशमा म बजारमा मानिसहरुलाई ख्रीष्टियान शिक्षाका पुस्तकहरु दिइरहेका थिए । केहि पुस्तकहरु चौरमा फ्याकिएका थिए । एउटा मानिस आएर मेरो छातीमा धकाल्दै मलाई औंला उठाएर घर जान भन्यो । मानिसहरु येशूको बारेमा सिक्न चहादैन थिए यस कुराले मेरो चित्त दुख्यो । म प्रति मानिसहरु हाँस्छन् होला, वेवास्ता गर्छन् होला, तर परमेश्वरको वचनले मलाई के भन्छ भन्ने सम्झनुपर्छ ,"चेला आफ्ना गुरुभन्दा र कमारो आफ्नो मालिक भन्दा श्रेष्ठ हुदैंन"( मत्ती १०:२४) । यदि मानिसहरुले येशूलाई गिल्ला गरेका थिए र उहाँ प्रति हाँसेका थिए र उहाँलाई सुनिका थिएनन् भने एउटा ख्रीष्टियानको रुपमा जब म येशूलाई स्वीकार गर्छु म पनि कष्ट भोग्ने अपेक्षा गर्दछु । प्रेरित पत्रुसले उनको बाइबलमा भएको पत्रमा हामीलाई भन्छन्, "यदि तिमीहरु

भलाइको निम्ति उत्साहित छौं भने तिमीहरुको हानि गर्ने को हुन्छ र ? तर धार्मिताको खातिर दुःख भोग्नै परे तापनि तिमीहरु धन्याका हौं । तिनीहरुका धम्कीको डर नमान र भयभित नहोऊ ( १ पत्रुस ३:१३, १४)" । पत्रुसले हामीलाई कठिनाईहरुको बीचमा पनि येशूको बारेका अरु मानिसहरुलाई सिकाउन कसरी निरन्तरता दिनुपर्छ भनि सम्झाउँछन्, "तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर"( १ पत्रुस ३:१५) ।

१२. परमेश्वरले पावल र अप्पूबको लागि जे गर्नुभयो, त्यो ........ लागि पनि गर्ने प्रतिज्ञा गर्नुभयो ।

१३. परमेश्वरले जब हामी दुःखमा हुन्छौं हामीलाई डोचाउने र ........... गर्ने प्रतिज्ञा गर्नुहुन्छ ।

१४. परमेश्वरले मलाई पिडा र संकट सामना गर्न ............ लाई भ्फै बल दिने प्रतिज्ञा गर्नुहुन्छ ।

( यि प्रश्नहरुका उत्तरहरु पेज ७३ मा हेरी जाँच्नुहोस्)

यहूदाद्धारा पकडइएको रात येशूले गेतसमनिको बगैंचामा कसरी प्रार्थना गर्नुभयो सम्झनुहोस् । उहाँ एक्लै हुनुहुन्थ्यो किनभने उहाँका चेलाहरु पत्रुस, याकूब र यूहन्ना निदाएका थिए । उहाँले यति साह्रो प्रार्थना गर्नुभयो कि उहाँको पसिना रगतको ठूलो थोपाझैं झर्‍यो । उहाँले, उहाँको दुःखको कचौरा सम्भव भए उहाँबाट हटाइयोस् भनि प्रार्थना

गर्नुभयो । उहाँले भन्नुभयो," अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो,"हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गर्नुभएबमोजिम होइन,तर तपाईले इज्छा गर्नुभएबमोजिम होस् ।"( मत्ती २६:३९)

परमेश्वरले त्यो दु:ख हटाइदिनुभएन । येशूले दु:ख भोग्नुभयो र हामी प्रत्येकको लागि मर्नुभयो । क्रुसमा उहाँको मृत्यु र दु:खद्धारा उहाँले मेरा सबै पापहरुको लागि सबै मुल्य तिर्नुभयो ताकि मलाई क्षमा दिईयोस् र उहाँसगँ स्वर्गमा बस्न सकूँ । संकट, यसले जुनसुकै रुप लिए पनि तपाई र मेरो लागि आशिषि बन्न सक्छ ।

१५.येशूले उहाँको .......... को कचौरा उहाँबाट सम्भव भए हटाइयोस् भनि प्रार्थना गर्नुभयो ।

१६. परमेश्वरले येशूको दु:खको कचौरा हटाई दिनु ........ ।

१७. क्रुसमा उहाँको मृत्यु र दु:खद्वारा येशूले हाम्रा सबै............ मुल्य तिरीदिनुभयो ताकि हामी ......... दिइऊ र उहाँसगैं ........... मा बस्नसकौं ।

(यि प्रश्नका उत्तरहरु ७३ पेजमा हेरी जाच्नुहोस्)

म परमेश्वरको वचनद्धारा आशिषित छु ।

- म निश्चय छु कि परमेश्वर मलाई सहायता र रक्षा गर्नुहुन्छ ।
- जब म दु:खमा हुन्छु सहयोगको लागि परमेश्वरलाई प्रार्थना गर्नसक्छु ।
- म, मेरो दु:ख हटाइउने कुरा परमेश्वरमा राख्नसक्छु ।
- म परमेश्वरलाई सहयोगको लागि धन्यवाद र प्रशंसा दिन सक्छु ।
- म मेरो लागि येशूको दु:खलाई सम्भन्छु ।
- म त्यस दिनलाई हेर्छु, जुन दिन येशूसगैं स्वर्गमा हुनेछु र यस वर्तमान जीवनका सबै संकटहरु हटेका हुनेछन् ।

**येशू मेरो कस्तो बिलास विलाश दिँदछन्**

मनमा महिमा आश
मुक्तिको भागी स्वर्ग मेरो घर, उनमा म बस्छु निडर
यो मेरो हाल छ, यो मेरो गान छ,गर्छु प्रशंसा प्रति दिनै,
यो मेरो हाल छ,..................( **भजन २८१**)

## अध्याय : पाँचको पुनरावलोकन ।

हाम्रो जीवनमा हामी धेरै कष्टहरुको अनुभव गर्छौं । खानको अभाव, बिरामी र मृत्यु हाम्रो जीवनको भाग हुनसक्छ । जब हामी कठिनाईमा हुन्छौं हामीलाई डोऱ्याउने र सुरक्षा दिन परमेश्वर नै हुनुहुन्छ । परमेश्वरले त्यो पुरानो नियमको समयमा अप्पूब नाम गरेका व्यक्तिको लागि गर्नुभयो । अप्पूब धनी मानिस थिए, तर छोटो समयमा नै उनका भेडाको बथान, धेरै गधाहरु उसबाट लिइए र दश वटा छोराछोरीहरु मरे जब तिनीहरु भेला भएको घर हुरीले नाश भयो । अप्पूब शिर देखि पैतलासम्म खटिराले भरिए ।अप्पूबले परमेश्वरलाई सरापेनन् । उनी आफ्ना कठिनाई भरी नै परमेश्वरमा विश्वासयोग्य रहिरहे । उनले परमेश्वरलाई आफ्नै सामु देख्ने त्यस समयको प्रतिक्षा गरे ।

प्रेरित पावलले पनि धेरै कष्टहरु भोगे । परमेश्वरले कष्टलाई हटाईदिनुभएन, तर यो सहन शक्ति दिनुभयो । यस्तै प्रकारले परमेश्वरले जब म कठिनाईमा हुन्छु, मलाई पनि सहायता गर्नुहुन्छ । उहाँले मलाई सहायता गर्नुहुन्छ र कठिनाईहरु हटाउनुहुन्छ वा उहाँले मलाई कठिनाई सहन शक्ति दिएर सहायता गर्नुहुन्छ । परमेश्वरले मलाई यस संसारका कठिनाईहरुद्वारा स्वर्गको आनन्दमा डोऱ्याउनुहुन्छ । जब मानिसहरु मप्रति हाँस्छन् म शारिरीक कष्ट मात्र भोग्दैन् तर आत्मिकी कष्ट पनि भोग्छु, किनभने म विश्वासी हुँ वा जब म तिनीहरुलाई येशूको बारेमा

सिकाउँन चाहन्छु तिनीहरुले मेरो मालिक येशूलाई  जे गरे त्यो म सम्झन्छु र मलाई तिनीहरुले यस्तै गर्नेछन् भनि म आशा गर्दछु । येशूले पनि हाम्रो लागि कष्ट भोग्नुभयो । उहाँले आफ्ना स्वर्गमा भएका पितालाई गेतसमनीको बगैँचामा प्रार्थना गर्नुभयो । उहाँको पसिना रगतको ठूलो थोपाझै थियो । यदि उहाँले कष्ट भोग्नु नै पर्छ भने, उहाँले यो परमेश्वरको हातमा छोड्नुभयो । उहाँले भन्नुभयो, “मेरो इच्छा होइन तपाईको इच्छा अनुसार होस्” । यस्तै प्रकारले म विश्वासीको रुपमा उहाँको इच्छा अनुसार मलाई डोऱ्याउन र सहायता गर्न उहाँमा छोड्छु ।

अध्याय: पाँचका उत्तरहरु
१.कठिनाईहरुमा, २. उत्तर फरक हुनसक्छन् ३.वचन ४. सहयोग ५.पुरानो नियम ६. धनी ७. परमप्रभु ८. स्वर्ग ९.प्रार्थना १०. होइन ११. शक्ति १२.हामी १३.सहयोग १४.येशू १५. कष्ट १६.होइन १७. पापहरु, क्षमादिइएका, स्वर्ग ।

## अध्याय पाँचको जाँच

१. हाम्रो जीवनमा हामी धेरै .......... को सामना गर्छौं ।

२. तपाईको जीवनमा भएका केहि कठिनाईहरु लेख्नुहोस् ।

.........................................................................

.........................................................................

३.परमेश्वरले हामीलाई डोर्‍याउनुहुन्छ र ......... गर्ने प्रतिज्ञा गर्नुहुन्छ ।

४. अप्यूब .......... ............ को समयमा थिए ।

५. अप्यूबले .............मा रहने कुरालाई हेरे ।

६. पावलले"शरिरमा भएको उनको काँढों" हटाइदिन परमेश्वरसँग ............गरे ।

७.परमेश्वरले पावलको कष्टलाई हटाईदिनु ......... ।

८. परमेश्वरले पावललाई उसको कष्ट सहन ......... दिनुभयो ।

९. परमेश्वरले पावल र अप्प्यूबको लागि जे गर्नुभयो, उहाँ ....... लागि गर्ने प्रतिज्ञा गर्नुहुन्छ ।

१०. क्रुसमा उहाँको मृत्यु । कष्टहरुद्धारा येशूले हाम्रा सबै ......... को मोल तिर्नुभयो, ताकि हामी ........... दिइऊ र उहाँसँग .......... मा रहन सकौं ।

( यि प्रश्नका उत्तरहरु पेज ९६ मा हेरी जाँच्नुहोस्)



कष्टको समयमा परमेश्वरको वचनले हामीलाई कसरी सहायता गर्छ भनि पढ्नुहोस् :


---

**लुका ७:११-१७** येशूले विधवालाई सहायता गर्नुहुन्छ, जसको छोरालाई उहाँले मृत्युबाट जीवित पार्नुभयो ।

**मर्कुश २:१-१२** येशूले हिड्न नसक्ने मानिसलाई निको पार्नुहुन्छ ।

**लुका १७:११-१९** येशूले दश जना मानिसलाई निको पार्नुभयो ।

**मत्ति १४:१३-२१** येशूले पाँच हजारलाई खुवाउनुभयो ।



महिमित येशूले विश्वासीहरुलाई अविश्वासीबाट अलग गर्नुहुन्छ।
मत्ति २५:३१-४६



*अध्याय छ*

# परमेश्वरको वचनले मलाई स्वर्गमा अनन्त जीवन तिर डोऱ्याउँछ ।

स्वर्ग कस्तो हुनेछ ? धेरै मानिसहरुसँग स्वर्गमा जीवन कस्तो हुनेछ भन्ने बारे धेरै विचारहरु छन् । धेरै बिरामी एउटा जवान स्त्री थिइन । उनी एकदमै सिकिस्त विरामी थिइन र उनी चाडै मर्नेछिन् भनि उनलाई थाहा थियो । उनले मलाई भनिन कि उनले स्वर्गमा सुन्दर फूलहरु देख्नेछिन् भनि उनी सोच्छिन् । तपाई देख्नुहुन्छ, उनी बजारभन्दा बाहिर बस्छीन् र उनको घरको वरपर धेरै फूलहरु थिए । मलाई थाहा छैन स्वर्गमा धेरै फूलहरु हुनेछन् कि छैनन् । तर मलाई स्वर्गको बारेमा धेरै थाहा छ ।

म आशिषित छु किनभने परमेश्वरको वचनले मलाई स्वर्गको बारेमा भन्छ । यस संसारको ख्रीष्टियान जीवन पछि एउटा विश्वासीले स्वर्गमा अनन्तको जीवनको अनुभव गर्नेछ । यो अध्यायमा परमेश्वरको वचनले हामीलाई भन्छ :

* म किन स्वर्गमा जानेछु
* स्वर्ग के जस्तो छ, र
* म अहिले र स्वर्गमा कसरी परमेश्वरलाई सेवा गर्न चाहन्छु

मलाई बाइबलले येशूलाई क्रुसमा मरेको तेस्रो दिनमा परमेश्वरले बौरिउठाउनु भयो भनि भन्दछ । हामी त्यस दिनलाई इस्टर भन्दछौं । उहाँ मृत्युबाट उठेपछि पृथ्वीमा ४० दिनसम्म रहनुभयो । उहाँ आफ्ना चेलाहरुकहाँ र अरु मानिसहरुकहाँ, उहाँ साँच्चै जीवित हुनुहुन्छ भनि देखाउन देखा पर्नुभयो । त्यसपछि उहाँ स्वर्गमा फर्किनुभयो । येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो," तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ " (प्रेरित १:८) येशूले यो भनेपछि उहाँ स्वर्गमा उचालिनुभयो । तिनीहरुले( चेलाहरु) उहाँलाई बादलले नढाकेसम्म हेरिरहे । जब उहाँ माथि जादै हुनुहुन्थ्यो तिनीहरुले माथि हेरिरहे । अचानक, सेतो पोशाक लगाएका दुई जना (स्वर्गदुतहरु) तिनीहरुको अगाडि खडा भए । तिनीहरुले भने, "गालिलका मानिस हो, तिमीहरु किन आकाशतिर हेर्दै उभिरहेका छौं ? यही येशू,

जो तिमीहरुबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरुले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरी आउनुहुनेछ" (प्रेरित १:८-११) । हो, येशू जीवित हुनुहुन्छ र मलाई आश्वस्त गर्नुहुन्छ कि उहाँ जीवित हुनुभएको कारण म पनि जीवित हुनेछु र उहाँसगैं स्वर्गमा हुनेछु ।

पृथ्वीमा भएको मेरो जीवनको अन्त्यमा म मर्नेछु । मेरो शरिर चिहानमा राखिनेछ । तर मेरो आत्मा येशूलाई मेरो मुक्तिदाताको रुपमा स्वीकार गर्ने भएको कारण बाँच्नेछ र मेरो आत्मा स्वर्गमा येशूसगैं हुन जानेछ । अन्तको दिनमा येशू फेरि आउनुहुनेछ र मेरो शरिर र आत्मा उहाँसगैं स्वर्गमा हुन लग्नुहुनेछ । "तिमीहरुलाई शर्ममा पार्नलाई यि कुरा मैले लेखेको होइनँ, तर मेरा प्यारा बालकहरुलाई जस्तै अर्ती दिनलाई हो" (२ कोरिन्थी४:१४) । म येशूलाई स्वर्गमा देख्नेछु भनि निश्चित हुन सक्छु । यो भन्दा अगाडिको अन्तिम अध्यायमा हामीले अप्यूब नाम गरेको मानिसको बारेमा पढ्यौं, जसले ऊ येशूलाई देख्नेछ भनि विश्वास गऱ्यो र भन्यो, "तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ । अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरिरमै म परमेश्वरलाई देख्नेछु , आफैले नै देख्नेछु अरुले कसैले होइन । मेरो हदय मभित्रै कति लालयत बन्छ " (अप्यूब १९:२५-२७) अप्यूबझैं म येशूलाई स्वर्गमा देख्नेछु भनि निश्चत हुनसक्छु । म यसमा म प्रतिको परमेश्वरको प्रेमको

कारण निश्चित हुनसक्छु । "होइन, यि सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरुभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदुतहरुले वा प्रधानताहरुले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराहरुले, खीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन" (रोमी ८:३७-३९) । हो ! हो ! हो ! म खीष्टले मेरो लागि जे गर्नुभएको छ त्यसको कारण मेरो उद्धारबारे निश्चित छु । म उहाँसँगै स्वर्गमा हुनेछु ।

१. परमेश्वरले येशूलाई, येशू क्रुसमा मर्नुभएको तेस्रो दिन बौरिउठाउनुभयो । हामी यस दिनलाई ........... भन्छौं ।

२. यो संसारिक जीवनको अन्तमा, मेरो शरिर ....... छ ।

३. अप्पूब झै म ......... लाई ...........मा देख्नेछु भनि निश्चित छु ।

४.म मेरो ............ बारे निश्चित छु ।

( यि प्रश्नका उत्तरहरु पेज ८९ मा हेरी जाँच्नुहोस्)

तर स्वर्ग के जस्तो हुनेछ ? म आशिषित छु । परमेश्वरको वचनले मलाई स्वर्गको चित्रण दिन्छ । त्यो ठूलो आनन्दको ठाउँ हुनेछ । येशू आफैले स्वर्ग कस्तो हुनेछ भनि प्रेरित यूहन्नालाई प्रकाशको पत्रमा भन्नुहुन्छ । "तिनीहरु कहिल्यै

भोकाउने र तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरु माथि पर्नेछैन, किनकि सिंहासनको बीचमा हुनुहुने थुमा( येशू),तिनीहरुको गोठालो हुनुहुनेछ, र तिनीहरुलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरुका आखाँबाट सबै आँसु पुछिदिनुहुनेछ" ( प्रकाश ७:१६,१७) । स्वर्ग त्यो ठाउँ हो जहाँ म येशूसगैं हुनेछु । स्वर्ग कष्ट बिनाको ठाउँ हो । स्वर्ग महान आनन्दको ठाउँ हो ।

५. स्वर्ग त्यो ठाउँ हो जहाँ म ....... सगैं हुनेछु ।

६.स्वर्ग ...........बिनाको ठाउँ हो ।

७. स्वर्ग ठूलो ......... को ठाउँ हो ।

( यि प्रश्नका उत्तरहरु पेज ८९ मा हेरी जाँच्नुहोस्)

जब उहाँले यूहन्नालाई स्वर्गमा को हुनेछ भनि भन्नुभयो, येशूले मलाई स्वर्गको चित्रण दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति,सबै कुलहरु,मानिसहरु र भाषा बोल्नेबाट थियो,सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखे"( प्रकाश ७:९) । म कति खुशी छु ! मलाई थाहा छ संसारभरिबाटका धेरै सङख्यामा जवान र वृद्ध, धनी र गरिब, काला, गोह्र, राता, खैरा र पहेला सबै स्वर्गमा हुनेछन् । परमेश्वरको वचनको प्रचार, शिक्षा,र अध्यायनले प्रत्येक राष्ट्र, वशं र

भाषाका असङख्य मानिसहरुलाई येशूमा विश्वास गर्न डोऱ्याउनेछ । तिनीहरु मसगैं स्वर्गमा हुनेछन् ।

८.स्वर्गमा यति धेरै मानिसहरु थिए कि तिनीहरुलाई कसैले ........ सक्दैन ।

९.परमेश्वरको ........को प्रचार, शिक्षा, र अध्ययनले प्रत्येक राष्ट्र, जाति र भाषाका असंख्य मानिसहरुलाई येशूमा ........ गर्न डोऱ्याउनेछ ।

( यि प्रश्नका उत्तरहरु पेज ८९ मा हेरी जाँच्नुहोस्)

तब येशूले तिनीहरुलाई किन स्वर्गमा छन् भनि प्रकाश पार्नुभयो ।
"यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति,सबै कुलहरु,मानिसहरु र भाषा बोल्नेबाट थियो,सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखे । धर्मगुरुहरुमध्ये एउटाले मलाई सोधे,"यि सेता पोशाक लगाउनेहरु को हुन, र कहाँबाट आएका हुन् ?" अनि मैले तिनलाई भने,"हजुर तपाई नै जान्नुहुन्छ" । तिनले मलाई भने,"यिनीहरु ती नै हुन,जुनहरु महासङ्कष्टबाट आएका हुन् र तिनीहरुले आफ्ना-आफ्ना पोशाकहरु थुमाको रगतमा धोएर सेता बनाएका छन् "(प्रकाश ७:९,१३,१४) । जब म स्वर्गमा जानेछु म सेता पोशाक लगाएको हुनेछु । यो येशूको रगतमा धोइएको पोशाक हुनेछ भनि बाइबलले मलाई भन्छ । "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा

हिड्छौं भने , एउटा अर्कोसित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ"(१ यूहन्ना १:७) । अर्को अर्थमा येशूले मेरो लागि जे गर्नुभयो त्यसकारण मेरा पापहरु क्षमा भएका छन् । येशूले मेरो पापपूर्ण जीवनलाई उहाँको धार्मिताको वस्त्रले ढाक्नुहुन्छ ताकि मेरा पापहरु परमेश्वरले नदेखुन । यो जाडो मौसमको विहानीमा जमिनका सबै दागहरु छोपिने गरि परेको र मेरा आखाँमा टल्किने हिँऊ जस्तै हो ।

१०.जब म स्वर्गमा जानेछु , मैले सेता ......... लगाएको हुनेछु ।

११. यो पोशाक येशूको ......... मा धोइएको हुनेछ ।

१२. येशूले मेरा ......... जीवन उहाँको .........को पोशाकले ढाक्नुहुन्छ ।

१३. परमेश्वरले मेरा ......... देख्नुहुन्न, तर येशूको ......... लाई देख्नुहुन्छ ।

( यि प्रश्नका उत्तरहरु पेज ८९ मा हेरी जाँच्नुहोस्)

स्वर्गमा धेरै मानिसहरु हुनेछन् । येशूको धार्मिकताले तिनीहरुका पापहरु ढाकिएको अवस्थामा परमेश्वरको सिंहासनको अघि खडा हुनेछन् । तिनीहरुले आफ्नो प्रशंसा परमेश्वारलाई गाउँनेछन् । तिनीहरु(स्वर्गमा भएका मानिसहरु) "तिनीहरु उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ" ।

अनि सिंहासन, धर्म-गुरुहरु र चार जीवित प्राणीहरुका वरिपरि सबै स्वर्गदूतहरु उभिए, र तिनीहरुले सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे,"आमिन ! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस् । आमिन"! (प्रकाश ७:१०-१२) मलाई गाउँन मनपर्छ, तर स्वर्गमा परमेश्वरलाई प्रशंसा दिने गितहरु सुन्दर, विचार योग्य र शक्तिशालि प्रशंसाका भजनहरु हुनेछन् । तिनीहरु अनन्तसम्म सुनिनेछन् ।

१४. स्वर्गमा भएका मानिसहरुले परमेश्वरलाई तिनीहरुको.......... गाउँनेछन् ।

१५. यि प्रशंसाका भजनहरु ...... को लागि सधै सुनिनेछन् ।

( यि प्रश्नका उत्तरहरु ८९ मा हेरी जाँच्नुहोस्)

त्यसकारण, उहाँले मेरो लागि जे गर्नुभएको छ त्यसमा धन्यवाद दिन उहाँले मलाई स्वर्गमा नलिनुभएसम्म मेरो जीवनमा परमेश्वरको सेवा गर्न चहान्छु । म परमेश्वरको वचनद्वारा आशिषित छु र अब यस संसारमा रहुन्जेल परमेश्वरको त्यो वचन अरुलाई बाढ्न चाहन्छु । म तिनीहरुले, तिनीहरु स्वर्ग जानसक्छन् र तिनीहरुका पापहरु क्षमा भएका छन् भन्ने जानेको चहान्छु । येशू आफू पनि मैले यो गरेको चहानुहुन्छ । दुईपटक, उहाँ मृत्युबाट बैरिउठेपछि र स्वर्गरोहरण हुन अघि, उहाँले आफ्ना चेलाहरुलाई र मलाई र तपाईलाई अरु मानिसहरुलाई

सुसमाचार बाढ्न भन्नुभयो । एकपटक, गालिलको डाँडामा उहाँले भन्नुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु" (मत्ती २८:१९,२०) । र त्यसपछि फेरि , उहाँ स्वर्गमा फर्किनु केहि समय अघि, उहाँले भन्नुभयो, "तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ" (प्रेरित १:८)

१६. म ....... लाई उहाँले मलाई ......... मा नलिएसम्म सेवा गर्न चाहन्छु ।

१७. म यस संसारमा रहुन्जेल ......... को ............ मा अरु मानिसहरुसँग बाढ्न चहान्छु ।

१८. म मानिसहरुले, तिनीहरुका पापहरु .......... दिइएका छन् र तिनीहरु ........ जान सक्छन् भन्ने जानेको चाहन्छु ।

( यि प्रश्नका उत्तरहरु ८९ मा हेरी जाँच्नुहोस्)

येशूले मलाई र प्रत्येक विश्वासीलाई कति अचम्मको काम दिनुभएको छ । उहाँ मैले मेरो परिवार, मेरो गाउँ वा शहर, मेरो देशका मानिसहरु, हो मैले सक्ने जति संसारका मानिसहरुलाई, हामी परमेश्वरको अनुग्रहले येशू ख्रीष्टमा

भएको विश्वासद्धारा बचाइएकाछौँ भनेको चाहनुहुन्छ । म तिनीहरुलाई भन्न चाहन्छु ताकि मेरा भएझै स्वर्गका आनन्द र शान्ति तिनीहरुका हुन सकूनँ ।

१९. मलाई अरु मानिसहरुसँग म येशू ख्रीष्टमा ............, परमेश्वरको..........ले बचाइएको छु भनि भन्ने काम दिईएको छ ।

२०. म मानिसहरुलाई स्वर्गका सबै .......... र ........... तिनीहरुका हुनसक्छन् भन्न चाहन्छु ।

( यि प्रश्नका उत्तरहरु पेज ८९ मा हेरी जाँच्नुहोस्)

म परमेश्वरको वचनद्धारा आशिषित छु ।

- म जान्दछु कि येशू जीवित हुनुहुन्छ र म पनि अन्तको दिनमा मृत्युबाट जीवित हुनेछु ।
- येशूले मेरो लागि जे गर्नुभयो त्यसको कारण मेरा पापहरु क्षमा भएका छन् भनि म निश्चित छु ।
- म, मेरो लागि भएको उहाँको प्रेमको कारण येशूलाई स्वर्गमा देख्नेछु भनि निश्चित छु ।
- स्वर्ग कुनै पनि दुःख बिनाको ठूलो आनन्दको ठाउँ हुनेछ भन्ने मैले सिके ।
- संसारभरीबाटका मानिसहरु स्वर्गमा हुनेछन् भनि मैले सिके ।

- म र सबै विश्वासीहरुका पापहरु येशूको धार्मिताको सेतो वस्त्रले ढाकिएका हुनेछन् ।
- म र अरु सबै विश्वासीहरु परमेश्वरलाई प्रशंसाका गितहरु अनन्तसम्म गाउनेछौं ।
- म अब मेरो लागि भएको परमेश्वरको वचन यस संसारमा भएका अरु मानिसहरुलाई बाढ्न चाहन्छ ।
- अब म मानिसहरुले तिनीहरुका पापहरु क्षमा भएका छन् र तिनीहरु पनि स्वर्गमा रहन सक्छन् भन्ने जानेको चाहन्छु ।
- अब म मानिसहरुलाई तिनीहरु परमेश्वरको अनुग्रहको कारण येशू ख्रीष्टमा विश्वासद्वारा बचाइएका छन् भनि बताउन चाहन्छु ।

महिमा (३) होस् २ (ईश्वरलाई महिमा होस्, महिमा होस्)
प्रशंसा (३) होस् २ (ईवरलाई प्रशंसा होस्, प्रशंसा होस्)
धन्यवाद (३) होस् २ .............. (कोरस ३३)

## अध्याय छ को पुनरावलोकन

येशू क्रुसमा मर्नुभएको तेस्रो दिन पछि, परमेश्वरले उहाँलाई मृत्युबाट बौरिउठाउनु भयो जुन दिनलाई हामी इस्टर सन्डे भन्छौँ । त्यसपछिका ४० दिन येशू उहाँका चेलाहरु र अरु धेरै मानिसहरु कहाँ देखापर्नुभयो । यि दिनहरुमा येशूले यि मानिसहरुलाई संसारका सबै मानिसहरुकहाँ जान र तिनीहरुको उद्धारको सन्देश सुनाउने आज्ञा दिनुभयो । त्यसपछि येशू स्वर्गमा फर्किनुभयो ।

येशू मृत्युबाट बौरिउठ्नुभएको र स्वर्गमा जानुभएको कारण, म बौरिउठ्नेछु र मेरो शरिर र आत्मासहित स्वर्ग जानेछु भनि म पनि निश्चित छु । म स्वर्ग जाने कुरामा निश्चय छु कारण परमेश्वरको वचनले मलाई यो हुनेछ भनि भन्छ । येशू ख्रीष्टले मेरो लागि जे गर्नुभयो त्यसकारण म मेरो उद्धारबारे निश्चय छु । म उहाँसगैं स्वर्गमा हुनेछु ।

परमेश्वरको वचनले मलाई स्वर्गको चित्रण दिन्छ । स्वर्गमा, मेरो पापका कारण हुने पृथ्वीका सबैं दु:खहरु र समस्याहरु हटेका हुनेछन् । म स्वर्गमा एक्लै हुनेछैन । म सगैं स्वर्गमा प्रत्येक राष्ट्र, जाति, र भाषाका ठूलो सङख्यामा मानिसहरु हुनेछन् । तिनीहरु परमेश्वर र येशूको सिंहासन अघि खडा हुनेछन् । तिनीहरु सबै स्वर्गमा हुनेछन् कारण तिनीहरुले येशूको धार्मिताको सेतो पोशाक लगाएका छन् ।

परमेश्वरले मेरो पापलाई हेर्नुहुन्न तर येशूको धार्मितालाई हेर्नुहुन्छ । येशूलाई विश्वास गर्ने जति सबै स्वर्गमा हुनेछन्,र

तिनीहरु येशूलाई आफ्नो उद्धारकर्ता हुन पाठाउनुभएको लागि परमेश्वरलाई तिनीहरुको प्रशंसा गाउँनेछन् ।

बाइबलबाट मैले स्वर्गको बारेमा सम्पूर्ण कुराहरु र येशूद्वारा परमेश्वरले मेरो लागि के गर्नुभयो भन्ने कुराहरु सिके । म, मेरो जीवनमा बाइबलको सन्देश पृथ्वीमा बाढ्नेछु ताकि अरु मानिसहरु पनि येशूसगैँ बस्न स्वर्गमा जानसकूँन । स्वर्गका सबै आनन्द र शान्ति मेरा भएभ्कै तिनीहरुका पनि हुनसकूँन भनि म तिनीहरुलाई बताउन चाहन्छु ।

अध्याय छ मा भएका प्रश्नका उत्तरहरु
१.इस्टर, २.मर्नु, ३.येशू, स्वर्ग, ४.उद्धार, ५.येशू, ६. कठिनाई ७. आनन्द ८.गन्न ९.वचन, विश्वास १०. सेता, ११. रगत १२. पापपूर्ण, धार्मिकता १३.पाप, धार्मिकता १४.प्रशंसा, १५.अनन्त १६.परमेश्वर, स्वर्ग १७.वचन,परमेश्वर १८. क्षमादिइएका, स्वर्ग, १९. अनुग्रह, विश्वास २०. आनन्दहरु, शान्ति ।

## अध्याय छ को जाँच

१. म मेरो ...........बारे निश्चय छु ।

२. स्वर्ग त्यस्तो ठाउँ हो जहाँ म ...... सगैं हुनेछु ।

३.परमेश्वरको ........... को प्रचार, शिक्षा र अध्ययनले प्रत्येक राष्ट्र, जाति र भाषाबाटका असङ्ख्य मानिसहरु येशूकहाँ ............ मा आउनेछन् ।

४.येशूले मेरो ......... जीवन उहाँको .........को पोशाकले ढाक्नुहुन्छ ।

५. स्वर्गमा मानिसहरुले परमेश्वरलाई तिनीहरुको ......... गाउँनेछन् ।

६. मलाई म परमेश्वरको .........ले येशू ख्रीष्टमा ..........द्वारा बचाइएको छु भन्न भनिएको छु ।

७.म मानिसहरुले तिनीहरुका पापहरु ........ छन् र तिनीहरु ........... जानसक्छन् भन्ने जानेको चाहन्छु ।

८.म यस संसारमा रहुन्जेल अरु मानिसहरुसित ..............को ........... बाढ्न चाहन्छु ।

( यि प्रश्नका उत्तरहरु पेज ९६ मा हेरी जाँच्नुहोस्)



परमेश्वरको वचनले मलाई मृत्युबाट बौरिउठ्ने र स्वर्गमा बस्ने कुराहरुको बारेमा बताउँछ :

---

**यूहन्ना ११:१७-२७** येशूले मेरो बौरिउठ्ने कुराको बारेमा मार्थासगँ कुरा गर्नुहुन्छ ।

**रोमी ८:३८-३९** मलाई कुनै पनि कुराले येशूबाट अलग गर्दैन ।

**प्रकाश २२:१-२१** येशूले मलाई स्वर्गको अर्को चित्रण दिनुहुन्छ ।

**यूहन्ना १४:१-६** येशू मेरो एकमात्र स्वर्गको बाटो हुनुहुन्छ ।

# शब्द सूची

*(तपाइलाई अल्मलाउने वा तपाईले बुझ्न गाह्रो हुनसक्ने शब्दहरुको सूची)*

**पुर्खा :** धेरै बर्ष पहिलेको व्यक्ति जसबाट अर्को मानिस जन्मियो ।

**आश्वस्त :** केहि कुरालाई निश्चय गर्नु, कसैलाई निश्यता दिनु

**सेखी :** आफ्नै प्रशंसा गर्नु वा घमण्ड गर्नु

गर्भधारण : गर्भवती हुनु

**छल :** कसैलाई जे गलत वा खराब हो त्यसमा विश्वास गर्न लगाउनु

कार्य : उदेश्यकासाथ गरिने काम ( यो असल वा खराब दुबै हुनसक्छ )

वंश : आमाबुबा वा अगाडिको व्यक्तिबाट जन्मेको मान्छे ।

योग्य : केहि कुराको लागि मुल्यवान वा ठिक हुनु ।

उचालिनु : स्थानमा उच्च गरिनु

**उदाहरण** : पछ्याउनको लागि एउटा घटनाको नमुना

**दण्ड** : केहि कुरा केहि गलत गरेको कारण जरिवानाको लागि छोड्नु ।

विनम्र ( हुनु) : घमण्ड रहित, होचिएर , आफ्नो स्थानलाई होच्याउनु ।

पैतृक : मृतकहरुको सम्पति वा अशं प्राप्त गर्नु ।

**प्रश्वास ( गरिनु)** : फुकि दिनु

अवसर : घटनाको समय, विशेष घटना

**कङगाल** : एकदम गरिब मानिस

वेश्या :पैसामा अरुसगँ यौन कार्य गर्ने व्यक्ति

**विरोध( गर्नु)** :अधिकारमा भएको व्यक्तिको विरुद्धमा लड्नु ।

उपाय : सच्याउने वा केहि कुरा ठिक बनाउने तरिका

**प्रतिक्रिया** : उत्तर वा जवाफ

विद्रोह : शक्तिमा भएकाहरुको विरुद्धमा बोल्नु ।

लबेदा : कोट जस्तै खुकुलो कपडा

बलिदानी : कसैका लागि केहि धेरै महत्वपूर्ण कुरा त्याग्नु

प्रवचन  : धार्मिक विषयमा पाष्टरद्वारा गरिने कुरा

चोर्नु : अरु मानिसको सामान कुनै अधिकार बिना वा अनुमति बिना लग्नु

कार्य : गरिनुपर्ने एउटा काम

परिक्षा :कसैलाई केहि पापूर्ण गर्न लगाउन कोशिस गर्नु

सतावट : सताउने काम वा सताईनु

**कष्टहरु** : दु:ख वा कठिनाईहरुद्वारा प्रयास गरिनु

कन्या : यौनक्रियाको अनुभव नभएको व्यक्ति वा पवित्र वा खोट बिनाको

# अध्यायका जाँचका उत्तरहरु

अध्याय एक

१. परमेश्वरको २. बोल्नुहुन्छ ३.सबै ४. सिद्धरुपमा ५.व्यवस्था
६. पापहरु, क्रुस ७. उद्धारकर्ता ८.बाइबल पढ्ने र अध्यायन गर्ने, येशूलाई चर्चमा आराधना गर्ने

अध्याय दुई

१.असल, दुष्ट, २. मर्नुभयो ३.शैतान, दियाबलस ४. गरेनन् ५.प्रत्येक
६.पैतृक, मौलिक ,७. मृत्यु ८.शरिर , मानिस, दियाबलस ९.सिद्धरुप,
१०. वचन

अध्याय तीन

१.उद्धारकर्ता, आदम, हव्वा २. मरियाम, बेथलेहेम ३.प्रेम, व्यवस्था
४. पाप ५. क्रुस ६.अनुग्रह ७.बचाइएको ८. विश्वास

अध्याय चार

१. आशिष, २. पुरुष, स्त्री ३. परमेश्वरको वचन ४. माग्न, धन्यावाद र प्रशंसा ५. पवित्र ६. हर्षितरुपमा ७. मान्नु ८. करहरु ९. सहयोग
१०.शान्ति ११. शान्ति ।

अध्याय पाँच

१. कठिनाईहरु,२. फरक उत्तरहरु ३. सहयोग ४. पुरानो नियम ५.स्वर्ग
६.प्रार्थना गरे ७. भएन ८.बल ९.हामी १०.पापहरु, क्षमादिइएका ,स्वर्ग ।

अध्याय छ

१. उद्धार २. येशू ३. वचन, विश्वास ४. पापपूर्ण, धार्मिकता ५.प्रशंसा
६.अनुग्रह, विश्वास ७. क्षमादिइएका, स्वर्ग ८.वचन, परमेश्वर

# अन्तिम जाँच

बधाई छ ! तपाईले ‘म परमेश्वरको वचनद्वारा आशिषित छु’ पुस्तकको अध्यायनलाई  सिध्याउनुभएको छ । पछाडि फर्कोउनुहोस् र अध्यायको जाचँमा तपाईले कुनै गल्ती गर्नुभयो कि,  दोहोचाउनुहोस् । जब तपाई, सबै उदेश्यहरु मलाई आउँछन् भन्ने निश्चित हुनुहुन्छ, तब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।

पुस्तकमा नहेरेर नै अन्तिम जाँच पुरा गर्नुहोस् । जब तपाई सिध्याउनुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई त्यो जाँच दिनुहोस् वा यसको पछाडिके ठेगानामा यसलाई पठाउनुहोस् । तपाई बाइबल शिक्षण श्रेणीका अन्य पुस्तकहरु पनि माग गर्नसक्नुहुन्छ ।

यदि तपाई तयार हुनुहुन्छ भने पछाडि रहेको जाँच पुस्तकमा नहेरी निकालेर दिनुहोस् ।

## म परमेश्वरको वचनद्वारा आशिषित छु
## अन्तिम जाँच

खालि ठाउँ भर्नुहोस्

१.बाइबल ......... को वचन हो ।

२. बाइबल .......... मानिसहरुका लागि लेखिएको हो ।

३.म परमेश्वरको व्यवस्था ......... रुपमा पालन गर्न सक्दिनँ ।

४.येशूले परमेश्वरको सिद्ध पुत्रको रुपमा मेरो लागि परमेश्वरको ....... पालन गरिदिनुभयो ।

५.जब येशू ......... मा मर्नुभयो, उहाँ मेरा ..... लागि पनि दण्डित हुनुभयो ।

६.येशू मेरो ......... हुनुहुन्छ ।

७. दुष्ट स्वर्गदुतहरुको अगुवा........हो ........... पनि भनिन्छ ।

८.पापको लागि मैले पाउनुपर्ने ज्याला............. हो ।

९.येशू दियाबलसका परिक्षाहरुबाट परमेश्वरको ............. को प्रयोग गरेर विजयी हुनुभयो ।

१०.परमेश्वरले ....................... पठाउने प्रतिज्ञा हाम्रा प्रथम पुर्खा ..............र ................... लाई गर्नुभयो ।

११.परमेश्वरले उहाँको एक मात्र पुत्र कन्या ......... देखि बेथेलेहेम शहरमा जन्मन पठाउनु भयो ।

१२. परमेश्वरको असिम प्रेमलाई ............. भनिन्छ ।

१३. परमेश्वरले मेरो उद्धारकर्ता येशू माथि .......... गर्न ............ दिनुहुन्छ ।

१४. प्रेमिलो परिवार परमेश्वरबाटको ............... हो ।

१५. परमेश्वरलाई खुशी पार्ने विवाह एउटा ................ र ................ बीचको विवाह हो ।

१६. परमेश्वरले मलाई दश आज्ञामा मैले ‘शबाथ दिन( विश्रामको दिन) ........ राख्नुपर्छ भनि ख्याल राख’ भन्ने सम्झाउनुहुन्छ ।

१७. मेरो देशको जनताको रुपमा मैल सरकारलाई ............. गर्नुपर्छ ।

१८. जब कसैलाई मदत चाँहिन्छ मैले के गर्नुपर्छ ?

मैले उसलाई ............. गर्नुपर्छ ।

१९. येशूमा विश्वासद्वारा म परमेश्वरसगँ ............... मा छु ।

२०. म, मेरो............बारे निश्चित छु।

२१.स्वर्ग त्यस्तो ठाउँ हो जहाँ म .......... सगैं हुनेछु।

२२.येशूले मेरो ........... जीवन उहाँको ...................को वस्त्रले ढाक्नुहुन्छ।

२३. स्वर्गमा मानिसहरुले तिनीहरुको ................. परमेश्वरलाई गाउँनेछन्।

२४.म मानिसहरुलाई म परमेश्वरको ............ले येशू खीष्टमा .............द्वारा बचाइएको छु भनि भन्न चहान्छु।

२५. म बाचुन्जेल .............. को यो ................ अरु मानिसहरुलाई बाढ्न चाहन्छु ।

कृपाय तलका जानकारीहरु भर्नुहोस्

नामः

..................................................................

..................................................................

ठेगाना

..................................................................

..................................................................

कृपाय यस पुस्तकबारे तपाईको प्रतिकिया दिनुहोस् :

..................................................................

..................................................................

..................................................................

..................................................................

..................................................................

बाइबल शिक्षण
श्रेणी २

यस श्रृखलाका
अरु पुस्तकहरु

टुकिएको हृदय भएको बुबा

एउटा जीवित विश्वास

परमेश्वरले नर र नारी सिर्जनुभयो

मृत्युपछिको जीवन

परमेश्वरले हाम्रो संसार सिर्जना गर्नुभयो

यूहन्नाको सुसमाचार

इम्माउसको बाटोमा

रोमीहरुलाई पावलको पत्र

अनुग्रहको साधन

ईशाई मण्डली

येशूका दृष्टान्तहरु

म परमेश्वरको वचनद्वारा आशिषित छु

बाइबलका शिक्षाहरुको श्रेणीका अरु पुस्तकहरु आवश्यक भएमा यस पुस्तकको पछाडि दिइएको ठेगानामा सर्म्पक राख्नुहोला ।

अरु जानकारीको लागि
पत्राचार गर्ने ठेगाना :

SLP NEPAL
पो. ब. नं. ३ (तीन)
ध. न. पा. –५ पाँच
तारा नगर, कैलाली, सुदूर पश्चिम
नेपाल ।

Multi-Language Productions
Bringing the Word to the World

I am Blessed Through God's Word - Nepali
Bible Teachings Series
MLP Catalog No: 385241
Printed in Nepal